# वार्षिक प्रगति प्रतिवेदन
# आर्थिक वर्ष २०८२/०८३

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले प्राथमिक स्वास्थ्य केन्द्र
नौमूले-५, दैलेख




संकलक/सम्पादन

**सन्देश चन्द**

**जनस्वास्थ्य निरीक्षक**

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले,दैलेख

कर्णाली प्रदेश, नेपाल

प.सं.:२०८३/०८४ च.नं.: मिति : २०८३/०५/२२

## मन्तव्य



नौमूले गाउँपालिका अन्तर्गत रहेको **नौमूले प्राथमिक स्वास्थ्य केन्द्र**को आर्थिक वर्ष २०८२/०८३ को आफ्नो सेवा प्रवाह, उपलब्धी र भाबि परिदृश्य समेत झल्किने गरी पहिलो पटक वार्षिक प्रगति प्रतिवेदन प्रकाशन हुन लागेको यस महत्वपूर्ण अवसरमा म अत्यन्त खुशी तथा गौरवान्वित भएको छु।

भौगोलिक रुपमा विकट जनजाति बहुल बस्ती रहेको यस नौमूले गाउँपालिकाको वडा नं. ५ मा अवस्थित यस प्राथमिक स्वास्थ्य केन्द्र नौमूलेले मापदण्ड अनुरुप यहाँ बाट प्रवाह हुने सेवाहरु वडा नं. ५ का नागरिकलाई मात्र हैन, पालिकाका अन्य वडा र अन्तरजिल्लाका नागरिकहरुलाई समेत प्रदान गर्दै आईरहेको छ । सीमित स्रोत र साधनका बाबजुत ओ.पी.डी, चौबिसै घण्टा प्रसुती सेवा, प्रयोगशाला, भिडियो एक्सरे, आकस्मिक उपचार लगायतका सेवा मार्फत यस केन्द्रले जनताको स्वास्थ्य सम्बन्धी भरोसाको प्राथमिक गन्तव्यका रुपमा आफुलाई स्थापित गरेको छ । गाउँपालिकाले यस केन्द्रको भौतिक पूर्वाधार विकास, आवश्यक औषधि ब्यबस्थापन र जनशक्ति परिचालनलाई सधैं उच्च प्राथमिकतामा राखेको छ । यो प्रकाशन केवल तथ्यांकको संग्रह मात्र होईन, सफल्ताहरुलाई संस्थागत गर्ने र कमिकमजोरीहरुलाई सुधार गर्दै अघि बढ्ने मार्ग चित्र प्रदान गर्नेछ । यसले स्थानीय सरकार र स्वास्थ्य संस्थाविचको पार्दशिता र जवाफदेहितालाई थप मजबुत बनाउने छ भन्नेमा मा पूर्ण बिश्वस्त छु ।

अन्त्यमा आगामी दिनहरुमा यस प्राथमिक स्वास्थ्य केन्द्रलाई थप प्रविधिमैत्री, जनमुखी एवं गुणस्तरीय बनाउदै यसको स्तरउन्नति गर्न गाउँपालिकाको तर्फबाट निरन्तर प्रयत्न रहने प्रतिबद्वता व्यक्त गर्दछु । उक्त वार्षिक प्रगति प्रतिवेदनको प्रकाशनमा जुट्नुहुने यस प्राथमिक केन्द्रका प्रमुख सम्पादनको जिम्मा लिनुहुने यसै सस्थामा कार्यरत जनस्वास्थ्य निरीक्षक संदेश चन्द लगायत सम्पूर्ण स्वास्थ्यकर्मी मित्रहरुलाई हार्दिक आभार व्यक्त गर्दछु । साथै यस प्रकाशनले सम्पूर्ण स्वास्थ्य कर्मीहरुमा जनसेवामा निरन्तर समर्पित हुने थप उर्जा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यबाद ।

छबिराम सुबेदी
अध्यक्ष
नौमूले गाउँपालिका, दैलेख

नौमूले गाउँपालिका
५ नं. वडा कार्यालय
नौमूले, दैलेख

कर्णाली प्रदेश नेपाल

प.सं.:२०८३/०८४ च.नं.: मिति : २०८३/०५/२२

# मन्तव्य



नौमूले प्राथमिक स्वास्थ्य केन्द्र, नौमूले दैलेखले स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाहरु तथा समुदायमा संचालन हुदै आएका विभिन्न स्वास्थ्यका गतिविधिहरुलाई समेटी पहिलो पटक वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरेकोमा हार्दिक आभार प्रकट गर्दै खुसि प्रकट गर्दछु।

यस वार्षिक प्रतिवेदनले यस नौमूले गाउँपालिका अन्तर्गत रहेको वडा नं. ५ को बिगत तीन आर्थिक वर्षको स्वास्थ्य सम्बन्धी तथ्यांकहरुलाई तुलना र विश्लेषण गरिएको छ । स्वास्थ्य सम्बन्धीका तथ्यांकहरुलाई विभिन्न माध्यमबाट विश्लेषण गरि सुधार गर्नुपर्ने पक्षहरुमा सुधार गर्दै राम्रा पक्षलाई निरन्तर रुपमा अगाडी बढाउन सकिने बिश्वास लिएको छु । उपलब्ध तथ्यांकलाई आधार बनाई हाम्रो वडाको समग्र योजना निर्माण गर्न तथा स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वन गर्न यस प्रतिवेदनले महत्वपूर्ण सहयोग पुर्याउने अपेक्षा गरेको छु । नेपालको संबिधान, २०७२ को धारा ३५ को (१) मा ब्यबस्था भए बमोजिम नागरिकले प्राप्त गर्ने आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभाकारी तथा गुणस्तरीय बनाउन बिगत तीन वर्षका स्वास्थ्य सम्बन्धीका तथ्यांकहरु महत्वपूर्ण आधार बन्नेछन । भौगोलिक रुपमा नौमूले गाउँपालिका अन्तर्गत हाम्रो वडा नं. ५ सबै भन्दा सानो वडा भएकाले यहाँ बिभिन्न टोल, बस्ति तथा समुदायमा छरिएर रहेका नागरिकहरुको स्वास्थ्य सम्बन्धी आवश्यकता र समस्याहरु पनि विविध प्रकृतिका रहेका छन् । यस अवस्थामा वडाको स्वास्थ्य क्षेत्रको सुधार तथा विकास गर्न सम्बन्धित सम्पूर्ण निकायहरुको सहयोग र समन्वय आवश्यक रहेको महसुस गरेको छु । आगामी दिनमा पनि सबैको सहकार्य र समन्वयबाट स्वास्थ्य क्षेत्रमा थप सुधार गर्न सकिने बिश्वास लिएको छु ।
यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न खटिनु हुने संस्था प्रमुख, बिशेष भूमिका निर्वाह गर्नु हुने नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत जन स्वास्थ्य निरीक्षक संदेश चन्दज्यु तथा सम्पुर्ण स्वास्थ्यकर्मीहरुलाई हार्दिक धन्याबाद दिन चाहान्छु । साथै समुदाय स्तर देखि माथिल्लो निकाय सम्म स्वास्थ्य कार्यक्रमका बिभिन्न सुचकहरुको गुणस्तर अभिब्रिद्धी गर्न सहयोग पुर्याउनुहुने सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरु , स्वास्थ्य व्यबस्थापन समितिका सम्पूर्ण पदाधिकारीहरुलाई बिशेस आभार ब्यक्त गर्दछु । यस स्वास्थ्य सस्थाको प्रगति तथा स्वास्थ्य सम्बन्धीका बिभिन्न सूचकहरुको लक्ष्यहरु हासिल गर्न प्रतक्ष्य तथा अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका खेल्ने सम्पूर्ण संघ सस्था, नौमूले गाउँपालिका, प्रदेश सरकार , संघीय सरकारप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । आगामी दिनहरुमा पनि यस वडामा रहेको स्वास्थ्य संस्थाको थप प्रगति तथा स्वास्थ्य कार्यक्रमहरुको गुणस्तर अभिबृद्धी गर्न र संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाहरुलाई अझ प्रभावकारी तथा गुणस्तरीय बनाउन आवश्यक सकरात्मक सल्लाह सुझाब र सहयोगका लागि सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछु ।

धन्यबाद ।

Bsalame

कृष्ण बहादुर सलामी
वडा अध्यक्ष
नौमूले गा.पा. ५, दैलेख

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख

कर्णाली प्रदेश नेपाल

प.सं.:२०८३/०८४ च.नं.: मिति : २०८३/०५/२२

## मन्तव्य



नौमूले गाउँपालिका अन्तर्गत सञ्चालित **नौमूले प्राथमिक स्वास्थ्य केन्द्र**को आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन हुन लागेको यस महत्वपूर्ण अवसरमा मलाई अत्यन्त खुशी लागेको छ। स्वास्थ्य सेवा नागरिकको आधारभूत आवश्यकता तथा राज्यको महत्वपूर्ण दायित्व हो। स्थानीय तहबाट नागरिकलाई गुणस्तरीय, सर्वसुलभ, प्रभावकारी र सेवाग्राहीमैत्री स्वास्थ्य सेवा उपलब्ध गराउनु हाम्रो प्रमुख जिम्मेवारी हो।

यसै उद्देश्यअनुरूप नौमूले गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी स्वास्थ्य संस्थाको सेवा प्रवाह, व्यवस्थापन, जनशक्ति विकास, औषधि तथा उपकरणको उपलब्धता र स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा निरन्तर जोड दिँदै आएको छ। नौमूले प्राथमिक स्वास्थ्य केन्द्रले आ.व. २०८२/०८३ मा सञ्चालन गरेका विभिन्न स्वास्थ्य कार्यक्रम तथा सेवा प्रवाहबाट हासिल भएका उपलब्धि, सेवा प्रवाहको अवस्था, कार्यक्रमगत प्रगति, देखिएका समस्या तथा चुनौतीहरू र आगामी दिनमा सुधार गर्नुपर्ने विषयहरूलाई समेटी यो वार्षिक प्रगति प्रतिवेदन तयार गरेकोमा स्वास्थ्य केन्द्र परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस प्रतिवेदनले स्वास्थ्य संस्थाको विगतको कार्यसम्पादनको समीक्षा गर्नुका साथै आगामी योजना तथा कार्यक्रम निर्माणका लागि महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु।

प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रदान हुँदै आएका बहिरंग सेवा, आकस्मिक सेवा, मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा, बाल स्वास्थ्य तथा खोप, परिवार नियोजन, सुरक्षित मातृत्व, पोषण, नसर्ने रोगको रोकथाम तथा नियन्त्रण, सरुवा रोग नियन्त्रण, मानसिक स्वास्थ्य, स्वास्थ्य शिक्षा तथा जनचेतनामूलक सेवा लगायतका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउँदै लैजान आवश्यक छ। स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिका लागि स्वास्थ्यकर्मीको दक्षता, सेवाभाव, उत्तरदायित्व तथा उपलब्ध स्रोत—साधनको उचित व्यवस्थापन महत्वपूर्ण पक्ष हुन्। आगामी दिनमा स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवाहरूलाई थप व्यवस्थित, गुणस्तरीय, पारदर्शी तथा सेवाग्राहीमैत्री बनाउन गाउँपालिकाको प्रशासनिक पक्षबाट आवश्यक समन्वय, सहजीकरण तथा सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्दछु। साथै, स्वास्थ्य संस्थाले आफ्ना कार्यक्रमहरूको नियमित समीक्षा गरी तथ्यमा आधारित योजना निर्माण तथा उपलब्ध स्रोत—साधनको प्रभावकारी उपयोगमा विशेष ध्यान दिनेछ भन्ने अपेक्षा गर्दछु। यस वार्षिक प्रगति प्रतिवेदन तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने नौमूले प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख तथा बिशेष भूमिका निर्वाह गर्नु हुने ज.स्वा.नि. संदेश चन्दज्यु लगायत सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीहरू, स्वास्थ्य व्यवस्थापन समिति, महिला स्वास्थ्य स्वयंसेविका, गाउँपालिकाका सम्बन्धित शाखा तथा प्रत्यक्ष—अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, नौमूले प्राथमिक स्वास्थ्य केन्द्रले आगामी दिनमा अझ गुणस्तरीय, प्रभावकारी र जनमुखी स्वास्थ्य सेवा प्रदान गर्दै नौमूले गाउँपालिकाका नागरिकको स्वास्थ्यस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्दै आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु।

भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत
नौमूले गाउँपालिका, दैलेख

प.सं.:२०८३/०८४ च.नं.: मिति : २०८३/०५/२२

# मन्तव्य



नौमूले गाउँपालिका अन्तर्गत वडा नं. ५ मा रहेको नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको आफ्नो संस्था अन्तर्गत स्वास्थ्यका विभिन्न कार्यक्रमहरुको वार्षिक प्रतिवेदन तयार गरि प्रकाशन गरेकोमा अत्यन्त्यै खुसी लागेको छ । उक्त प्रकाशित वार्षिक प्रतिवेदनले नौमूले गाउँपालिका वडा नं. ५ को विगत ३ आर्थिक वर्षको स्वास्थ्य सूचकहरुको तुलनात्मक विश्लेषण गरेको छ । साथै स्वास्थ्य संग सम्बन्धित धेरै सुचकहरुमा आधारित रहेर स्वास्थ्यका सवालहरु, समस्याहरु , स्वास्थ्यका चुनौतिहरु र नविनतम कार्यहरुको जानकारी पनि उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ ।

आ.व. २०८२/०८३ मा स्वास्थ्य सँग सम्बन्धित विभिन्न कार्यक्रमहरुको प्रगति प्रतिवेदनले स्वास्थ्य संग प्रत्यक्ष तथा अप्रत्यक्ष्य सरोकार तथा चासो राख्ने सबै महानुभावहरुलाई यस नौमूले गाउँपालिका अन्तरगत वडा नं. ५ को समग्र स्वास्थ्य स्थितिका बारेमा जानकारी लिन तथा आधारभूत स्वास्थ्य सेवामा भएका समस्या पहिचान गरी सेवा सुदृढीकरण गर्न उपयोग हुनेछ भन्ने मैले आशा ब्यक्त गरेको छु । नेपालको संबिधान २०७२ मा उल्लेख भए बमोजिम आधारभूत स्वास्थ्य सेवामा यस संस्थाको तीन आ.व.को प्रगति विवरणले तथा तीन आ.व. मा स्वास्थ्य क्षेत्रमा प्राप्त भएका सम्पूर्ण लक्ष्य र उपलब्धिलाई सस्थागत गर्न आबश्यक पहलकदमीहरुको चित्रण समेत गर्ने प्रयास गरिएको छ । यसले नौमूले गाउँपालिका लगायत स्थानीय सरकारलाई स्वास्थ्य सेवाको बिभिन्न नीति तथा योजना तर्जुमा र कार्यक्रमहरु आगामी दिनमा तयार गर्न सहयोगी हुने कुरामा पूर्ण आशा राखेको छु ।

यस वडामा समुदाय स्तरमा स्वास्थ्य सेवा प्रदान गर्नको लागि दिन रात आफ्नो ठाउँबाट अथक मेहनत तथा प्रयास गर्ने आदरणीय सामुदायिक महिला स्वास्थ्यस्वयमसेविकाहरु, नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत अत्यन्तै उर्जासीलसम्पूर्ण स्वास्थ्यकर्मीहरु, स्वास्थ्य ब्यबस्थापन समिति, जनप्रतिनिधिहरु तथा यस वार्षिक प्रतिवेदन प्रकाशन गर्ने महत्वपुर्ण भूमिका योगदान गर्नुहुने नौमूले प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख तथा बिशेष भूमिका निर्वाह गर्नु हुने ज.स्वा.नि. संदेश चन्द लगायत सबै स्वास्थ्यकर्मीहरुलाई हार्दिक कृतज्ञता ब्यक्त गर्न चाहान्छु । साथै यस वडामा स्वास्थ्य सम्बन्धिका विभिन्न कार्यक्रमहरु मार्फत स्वास्थ्यमा व्यापक सुधार गर्ने सबै संघ संस्थाहरुलाई बिशेष आभार हृदयदेखिनै ब्यक्त गर्दै धन्यबाद दिन चाहन्छु ।

भुपेन्द्र शाही
स्वास्थ्य शाखा प्रमुख
नौमूले गाउँपालिका

प.सं.:२०८३/०८४ च.नं.: मिति : २०८३/०५/२२

# स्वास्थ्य संस्था प्रमुखको तर्फबाट कृतज्ञता



नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने यस अवसरमा संस्थाको प्रमुखको हैसियतले केही शब्द राख्न पाउँदा म अत्यन्त खुशी तथा गौरवान्वित भएको छु। स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार मात्र नभई समग्र विकासको महत्वपूर्ण आधार हो। यसै मान्यतालाई आत्मसात् गर्दै नौमूले प्राथमिक स्वास्थ्य केन्द्रले सीमित स्रोत-साधन, भौगोलिक कठिनाइ तथा विभिन्न चुनौतीका बाबजुद पनि स्थानीय नागरिकलाई गुणस्तरीय, पहुँचयोग्य र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने प्रयास गर्दै आएको छ।

यस आर्थिक वर्षमा स्वास्थ्य केन्द्रबाट प्रदान गरिने नियमित स्वास्थ्य सेवाका साथै मातृ तथा नवजात शिशु स्वास्थ्य, बाल स्वास्थ्य तथा खोप, परिवार नियोजन, पोषण, सुरक्षित मातृत्व, नसर्ने रोग तथा मानसिक स्वास्थ्य, संक्रामक रोग नियन्त्रणलगायतका विभिन्न स्वास्थ्य कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिएको छ। स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न समुदायस्तरमा स्वास्थ्य शिक्षा, जनचेतनामूलक कार्यक्रम तथा स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकामार्फत समुदायसँगको सम्बन्धलाई थप सुदृढ बनाउने प्रयास गरिएको छ।

हामीले हासिल गरेका उपलब्धिहरू कुनै एक व्यक्तिको प्रयासबाट सम्भव भएका होइनन्। स्वास्थ्य केन्द्रमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको मेहनत, जिम्मेवारीबोध र टीम भावना, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको निरन्तर योगदान, स्थानीय तह तथा स्वास्थ्य शाखाको सहयोग, जनप्रतिनिधिहरूको समन्वय तथा सेवाग्राही नागरिकहरूको विश्वास र सहभागिताले नै यी उपलब्धिहरू सम्भव भएका हुन्। त्यसैले यस अवसरमा सम्पूर्ण कर्मचारी, स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, स्थानीय तह, सहयोगी निकाय तथा प्रत्यक्ष—अप्रत्यक्ष रूपमा स्वास्थ्य केन्द्रलाई सहयोग गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

यद्यपि, हाम्रो कार्यसम्पादन पूर्ण रूपमा चुनौतीमुक्त भने छैन। आवश्यक जनशक्ति, भौतिक पूर्वाधार, उपकरण तथा औषधि—सामग्रीको पर्याप्तता, दुर्गम भौगोलिक अवस्था, सेवाग्राहीको बढ्दो अपेक्षा तथा उपलब्ध स्रोत—साधनको प्रभावकारी व्यवस्थापनजस्ता विषयहरूमा अझै सुधार आवश्यक छ। आगामी दिनमा यी चुनौतीहरूलाई अवसरका रूपमा ग्रहण गर्दै स्वास्थ्य सेवाको गुणस्तर, पहुँच र सेवाग्राहीमैत्री वातावरणमा थप सुधार गर्ने हाम्रो प्रतिबद्धता रहनेछ।

अन्त्यमा, वार्षिक प्रगति प्रतिवेदन विगतको उपलब्धिको दस्तावेज मात्र नभई आगामी दिनका लागि मार्गदर्शन पनि हो भन्ने मेरो बुझाइ छ। हामीले गरेका कामको समीक्षा गर्दै, कमजोरीबाट सिक्दै र उपलब्धिलाई संस्थागत गर्दै अघि बढ्नु नै हाम्रो साझा जिम्मेवारी हो। आगामी दिनमा पनि नौमूले प्राथमिक स्वास्थ्य केन्द्रलाई अझ प्रभावकारी र नमुना स्वास्थ्य संस्थाका रूपमा विकास गर्न सबैको निरन्तर सहयोग, सहकार्य र रचनात्मक सुझावको अपेक्षा गर्दछु।

डा. वर्षा खनाल
मेडिकल अधिकृत
प्राथमिक स्वास्थ्य केन्द्र, नौमूले

# मेरो पनि भन्नु छ



यस नौमूले गाउँपालिका अन्तर्गत वडा नं. ५ मा रहेको नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको आ.व. २०८२/०८३ मा सम्पादित सम्पूर्ण स्वास्थ्य कार्यक्रम तथा जनस्वास्थ्यका क्रियाकलापहरुलाई समायोजना गरि यस स्वास्थ्य संस्थाबाट प्रथम पटक नौमूले गाउँपालिकामा नै पहिलो पटक स्वास्थ्य सस्थाको वार्षिक प्रतिवेदन तपाईहरु सामु प्रस्तुत गर्न पाउदा आफुलाई अत्यन्तै गर्व लागेको छ ।

यस स्वास्थ्य संस्थाको वार्षिक प्रतिवेदनमा गत तीन आर्थिक वर्षको स्वास्थ्य सेवा प्रवाहको जल्दोबल्दो अबस्थालाई तुलना तथा विश्लेषण गरिएको छ । तीन आर्थिक वर्षको यस संस्थाको तथ्यांकको आधारमा देखिएका समस्या , पहिचान भएका सवाल र सुधार गर्नु पर्ने पक्षलाई सुधारका लागि उन्मुख रहनेछ, जसले गर्दा आगामी वर्ष देखि प्रवाह हुने स्वास्थ्य सेवामा प्रभावकारी रुपमा ब्यबस्थापन गर्ने महत्वपुर्ण भूमिका राख्ने आशा गरिएको छ । साथै यस प्रतिवेदनमा भएका तथ्यांकले यस वडाको स्वास्थ्य सेवाको प्रवाह तीन आर्थिक वर्षको प्रगति विवरणलाई चित्रण गरेको छ । यस हाम्रो स्वास्थ्य संस्थाको वार्षिक प्रतिवेदनले अन्य संघ सस्था, स्थानीय तह तथा स्वास्थ्यकर्मीहरुलाई समेत योजना तर्जुमा तथा अध्यन अनुसान्धन गर्न उपयोगी हुने बिश्वास लिएको छु । यस प्रतिवेदनमा आ.व. २०८२/०८३ मा सम्पादन गरेका विभिन्न नविनतम तथा राम्रा कार्यहरु पनि समावेश गरिएको छ । तीन आ.व. को अवधिमा यस सस्थाले केहि महत्वपुर्ण उपलब्धि हासिल गरेको छ । स्वास्थ्य सेवामा काम गर्दै गर्दा विभिन्न चुनौतिहरु, भौगोलिक अबस्थाको कठिनाई , सिमित स्रोत साधको साथमा सेवा प्रवाह , स्वास्थ्य जनशक्तिको सिमित उपलब्धता जस्ता चुनौतीहरूलेपनि अप्ठेरो परिस्थिति सिर्जना गर्दाको वाबजुत पनि स्वास्थ्य सेवा प्रवाहमा कुनै कमजोरी भएन । स्थानीय सरकार, जनप्रतिनिधि, समाज , समुदाय, विभिन्न बिद्यालयहरु, सरोकारवालाहरुको सहयोग, सामुदायिक महिला स्वास्थ्यस्वयमसेविका तथा सम्पूर्ण स्वास्थ्य कर्मिहरुको सहयोग त्याग तथा समर्पण विना हामीले सस्थाको लक्ष्य हासिल गर्ने सम्भव बिरलै मात्रामा थियो ।

अन्त्यमा, यस समुदायमा स्वास्थ्य सेवा प्रवाह गर्ने आदरणीय महिला स्वास्थ्यस्वयमसेविका ज्युहरु, उच्च मनोवलका साथ दिन रात स्वास्थ्य सेवा प्रवाहमा खटिनुहुने सम्पुर्ण सहकर्मी साथीहरु, स्वास्थ्य सेवामा सुधार तथा व्यबस्थापनमा सदैव अगाडी बढ्नु हुने नौमूले गा.पा अध्यक्ष, उपाध्यक्ष तथा यस वडाका अध्यक्ष श्री कृष्ण बहादुर सलामी लगायत सम्पूर्ण जनप्रतिनिधि ज्युहरु, स्वास्थ्य शाखा प्रमुख श्री भुपेन्द्र शाही लगायत शाखामा कार्यरत सबै कर्मचारीहरु,नौमूले गाउँपालिका वडामा क्रियाशील सम्पूर्ण राजनीतिक दलहरु,वडा का सम्पूर्ण बिद्यालयहरुका प्र.अ. तथा शिक्षकहरु,विभिन्न संघ सस्थाका प्रमुख तथा प्रतिनिधि ज्युहरु, क्रियाशील विभिन्न बाल तथा युवा क्लबहरु, आमासमुहहरु तथा स्वास्थ्य सेवा प्रवाह गर्नमा सकारात्मक सल्लाह तथा सुझाव दिनुहुने सबैमा हार्दिक आभार सहित धन्यबाद दिन चाहान्छु ।


संदेश चन्द (ज.स्वा.नि.)
अधिकृत छैठौ
नौमूले प्राथमिक स्वास्थ्य केन्द्र

# बिषयसूची


| क्र.स. | बिषय बस्तु | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभुमि (खण्ड १) | १-३ |
| २. | लक्षित जनसंख्या (खण्ड २) | ४-५ |
| ३. | जनशक्ति,स्रोत तथा व्यवस्थापन (खण्ड ३) | ६-७ |
| ४. | HMIS प्रतिवेदन तथा अभिलेखीकरण (खण्ड ४) | ८ |
| ५. | कार्यक्रमगत प्रगति तथा उपलब्धिहरु (खण्ड ५) | ९-३० |
| ६. | संस्थाको न्युनतम सेवा मापदण्ड (खण्ड ६) | ३१ |
| ७. | उत्कृष्ट तथा नवीनतम कार्यहरु (खण्ड ७) | ३२ |
| ८. | संस्थाका नियमित उपलब्ध सेवाहरु (खण्ड ८) | ३३ |
| ९. | कार्यक्रमका मुख्य चुनौती तथा समाधानका उपायाहरु (खण्ड ९) | ३४ |
| १०. | सन्दर्भ सामाग्री (खण्ड १०) | ३५ |
| ११. | स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति विवरण (खण्ड ११) | ३६ |
| १२. | नौमूले प्राथमिक स्वास्थ्य केन्द्र कर्मचारीहरुको विवरण (खण्ड १२) | ३७ |
| १३. | सामुदायिक महिला स्वास्थ्यस्वयमसेबिकाहरुको विवरण (खण्ड १३) | ३८ |
| १४. | कार्यालय अन्तर्गत विभिन्न कार्यक्रमका तस्बिरहरु | ३९-४९ |

# खण्ड १ :पृष्ठभुमि तथा प्रतिवेदन विधि

नेपालको कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्ला नौमूले गाउँपालिका वडा नं. ५ साबिकका ९ वटा वडाहरु मिलेर बनेको छ । नौमूले गाउँपालिका वडा नं. ५ को भौगोलिक अबस्था करिव २८.९०६२५७ डिग्री उत्तरी अक्षांश र ८१.८१०४७८ डिग्री पूर्वी देशान्तरमा रहेको छ। यस वडाको कुल क्षेत्रफल ११.५१ वर्ग कि.मि. रहेको छ। पूर्वमा वडा नं.४ कालिका, पश्चिममा वडा नं. १ तोली, उत्तरमा वडा नं. २ बालुवाटार र दक्षिणमा वडा नं, ६ सल्लेरी संग यस वडाको सिमाना जोडिएको छ। यस वडाको जम्मा जनसख्या १५४५ रहेको छ। जसमा १ वर्ष मुनिका बालबालिकाको लक्षित जनसंख्या ३२ जना, ५ वर्ष मुनिका लक्षित जनसंख्या १४८ जना र अनुमानित गर्भवती महिलाको लक्षित जनसंख्या ३८ जना रहेको छ। यस वडामा भौगोलिक हिसाबबाट टाढा रहेका बस्तिहरुमा पल्लो नौंगाउ, माथिल्लो गुराँसे आदि रहेका छन्। नौमूले गाउँपालिका वडा नं. ५ मा विभिन्न सामाजिक,सांस्कृतिक, लैंगिक र जातीय रुपमा सामान्य तरिकाले विबिधता रहेको पाईन्छ। यस क्षेत्रमा मुख्य रुपमा जनजातिहरुको बाहुल्यता बढी रहेको पाईन्छ भने दलित अल्प रुपमा कतै पाउन सकिन्छ। आधारभूत स्वास्थ्य सेवा संचालनको लागि यस वडामा एउटा प्राथमिक स्वास्थ्य केन्द्र संचालनमा छ जस अन्तर्गत २ वटा खोप क्लिनिक, २ वटा गाउँघर क्लिनिक तथा ९ जना सामुदायिक महिला स्वास्थ्य स्वयमसेबिकाहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्दै आइरहेको छ। प्रत्येक महिनाको ३ र ४ गते खोप क्लिनिक संचालन हुन्छ भने १९ र २० गते गाउँघर क्लिनिक संचालनमा रहदै आएको छ। सामुदायिक महिला स्वास्थ्य स्वयमसेबिकाहरुबाट प्राथमिक उपचारका साथै स्वास्थ्य परामर्श सेवा प्रदान गर्दै आईरहेका छन् र नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट २४ सै घण्टा आकस्मिक सेवा, खोप सेवा, पोषण सेवा, सुरक्षित मातृत्व सेवा, परिवारनियोजन सेवा, सरुवा रोग नियन्त्रण तथा परामर्श, दैनिक बिरामी जाँच सेवा, प्रयोगशाला सेवा, सादा एक्सरे सेवा, भिडियो एक्सरे सेवा, निशुल्क औषधि सेवा, मानसिक स्वास्थ्य सेवा, मानसिक परामर्श सेवा, क्षयरोग तथा कुष्ठरोग सेवा, ओ.टी.सी. सेवा साथै स्वास्थ्य शिक्षा परामर्श सेवा पनि संचालनमा रहेका छ।



नौमूले प्राथमिक स्वास्थ्य केन्द्रले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका स्वास्थ्य सेवाहरुको वार्षिक प्रगति विवरण यस प्रतिवेदनमा ब्यापक रुपमा प्रस्तुत गरिएको छ । यस वडाको उक्त प्रतिवेदन स्वास्थ्य व्यबस्थापन सूचना प्राणाली (HMIS) अन्तर्गत DHIS२ मा प्रविष्ट भएको Data Verification Tools मार्फत रुजु प्रमाणीकरण भएको आधिकारिक तथ्यांकमा आधारित रहेको छ ।

प्रतिवेदन तयार गर्दा स्वास्थ्य सेवा बिभाग, व्यबस्थापन माहाशाखाद्वारा प्रकाशित 'HMIS सूचक पुस्तिका २०८०' मा उल्लेखित सूचक परिभाषा, अंश (Numerator), हर (Denominator) र गुणक (Multiplier) लाई आधारको रुपमा लिइएको छ । स्वास्थ्य कार्यक्रमहरुको वार्षिक हरेक कार्यक्रमहरुको प्रगति प्रतिवेदन निकाल्दा सूचकहरू हर (Denominator) को रुपमा वडा नं. ५ को लक्षित जनसंख्या प्रक्षेपण प्रयोग गरिएको छ, जुन प्रतिवेदनको विश्लेषणात्मक आधार हो ।

यस प्रतिवेदनको उद्देश्य यस वडामा स्वास्थ्य संस्था मार्फत आ.व. २०८२/०८३ मा सम्पादित मुख्य स्वास्थ्य सेवाहरुको उपलब्धि, प्रवृति र गुणस्तर मुल्यांकन गरि सबल पक्ष र सुधार गर्नु पर्ने क्षेत्र पहिचान गर्नु आगामी वर्षको लागि योजना बनाउनमा सहयोग पुर्याउनु मुख्य उद्देश्य रहेको छ ।

## उद्देश्य ( Objectives )

१) आ.व. २०८२/०८३ मा नौमूले प्राथमिक स्वास्थ्य केन्द्र वडा नं. ५ मा सम्पादन गरेका मुख्य स्वास्थ्य सेवाहरुको वार्षिक उपलब्धि बिश्लेषण गर्ने ।
२) HMIS सूचक का आधारमा संस्थाको सेवा प्रवाहका सबल र सुधार गर्नु पर्ने पक्ष पहिचान गर्ने ।
३) प्रमुख कार्यक्रमगत सुचकहरुमा देखिएका खाडल र चुनौतिको कारण विश्लेषण गर्ने ।
४) स्वास्थ्य क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरुलाई तथ्यांक मार्फत विश्लेषण गर्ने ।
५) निष्कर्षका आधारमा आगामी वर्षका लागि व्यवहारिक सुझाव तयार गरि योजना निर्माणमा सहयोग पुर्याउने ।

## औचित्य ( Rationale )

स्थानीय तहमा स्वास्थ्य सेवाको योजना, स्रोत परिचालन र नतिजामुखी व्यवस्थापनका लागि प्रमाणमा आधारित (Evidence Based) प्रत्येक वर्ष वार्षिक समिक्षा तयार गर्नु सबैमा अपरिहार्य रहेको छ । यस नौमूले गाउँपालिका वडा नं. ५ मा रहेको नौमूले प्राथमिक स्वास्थ्य केन्द्रले वर्षभरी स्वास्थ्यका बिभिन्न कार्य सम्पादन गरेका सेवाहरुको तथ्यांक DHIS2 मार्फत नियमित रुपमा राष्ट्रिय HMIS प्रणालीमा प्रविष्ट भएता पनि, ती तथ्यांक लाई विश्लेषण गरि स्थानीय तहसम्म पुर्याई निर्णय प्रक्रियामा उपयोग गर्ने अभ्यास सीमित रहेको पाईन्छ । सन्दर्भमा, यो प्रतिवेदनले यस वडाको विशिष्ट लक्षित जनसंख्यालाई हर बनाई सुचकगत उपलब्धि गणना गरि कुन कार्यक्रम कहाँ बलियो र कहाँ कमजोर रहेको छ भन्ने यथार्थ चित्र प्रस्तुत गर्दछ । यसले वडा स्तरका स्वास्थ्यकर्मी, FCHV, वडा कार्यालय र गाउँपालिकालाई एकै स्रोतबाट आफ्नो कार्य सम्पादन बुझ्न सीमिति स्रोत साधनलाई प्राथमिकिकरण गर्न र आगामी वर्षको वार्षिक कार्ययोजना तथा बजेट निर्माणमा तथ्यमा आधारित निर्णय लिन सहयोग पुर्याउंने छ । साथै यो प्रतिवेदन गाउँपालिका स्तरमा हुने समिक्षा गोष्ठी, सामाजिक परिक्षण र सार्वजनिक सुनुवाईका लागि पनि आधार दस्ताबेजको रुपमा प्रयोग हुन् सक्ने छ, जसले स्वास्थ्य सेवामा जवाफदेहिता र पारदर्शिता अभिबृद्वी गर्नेछ ।

**अध्यनको सिमा ( Scope )**

- भौगोलिक सिमा : यो प्रतिवेदन नौमूले गाउँपालिका वडा नं.५ अन्तर्गत नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको सेवा क्षेत्रमा सीमित छ ।
- समय सीमा : आ.व. २०८२/०८३ ( श्रावण २०८२ देखि असार २०८३ सम्म ) को संस्थाको १२ महिनाको तथ्यांक समाबेश गरिएको छ ।
- तथ्यांक स्रोत सीमा : विश्लेषण HMIS/DHIS2 मा प्रविष्ट भई प्रमाणीकरण भएको मात्रात्मक तथ्यांकमा आधारित छ ।
- कार्यक्रम सीमा : बिरामी जाँच सेवा, आकस्मिक सेवा, प्रयोगशाला सेवा, मातृ तथा नवाशिशु स्वास्थ्य, परिवार नियोजन, खोप, पोषण , बाल स्वास्थ्य , HIV/क्षयरोग/कुष्ठरोग/औलो /NCD लगायत HMIS उपलब्ध प्रमुख सुचकहरुमा मात्र सिमीत छ ।
- तुलनात्मक सीमा : गत २ आर्थिक वर्षको प्रमाणित फयाक्ट सिट भएकाले त्रि-वार्षिक प्रवृति विश्लेषण यसमा समाबेश गरिएको छ ।

**प्रतिवेदन विधि (Methodology )**

डाटा स्रोत : Data Verfication Tool (Data From DHIS2), HMIS सूचक पुस्तिका २०८० र यस नौमूले गाउँपालिका वडा नं. ५ को वार्षिक लक्षित जनसंख्या तालिका प्रयोग गरिएको छ ।

गणना विधि : प्रत्येक सुचकको वार्षिक उपलब्धि HMIS सूचक पुस्तिकामा तोकिएको सुत्र (अंश/हर x गुणक) अनुसार गरिएको छ । मासिक रुपमा प्रविष्ट भएको श्रावण २०८२ देखि असार २०८३ सम्मको १२ महिनाको तथ्यांक योगफल गरि वार्षिक अंश तयार पारिएको छ ।

सीमा (Limitation) : केहि सुचकमा ( जस्तै परिवार नियोजन हालका प्रयोगकर्ता र खोप कभरेज तथा अन्य सूचकहरू ) यस सस्थाले वडा नं. ५ मा मात्र नभएर अन्य वडाका जसंख्यालाई पनि सेवा प्रदान गर्ने भएकाले र हाम्रो वडाको लक्षित जनसंख्या सिमित रहेकोले केहि सुचकको प्रतिशत १०० प्रतिशत भन्दा बढी वा असामान्य देखिन सक्छ । यस्तो अवस्थामा बुझाउनको लागि नोट प्रयोग गरिएको छ ।


## खण्ड २ : लक्षित जनसंख्या — नौमूले गाउँपालिका वडा नं. ५ ( आ.व. २०८२/०८३ )

यस प्रतिवेदनमा सम्पूर्ण सूचक ( Indicator ) हरुको हर ( Denominator ) को रुपमा नौमूले गाउँपालिका वडा नं. ५ को तपशिल बमोजिम लाखित जनसंख्या तालिका प्रयोग गरिएको छ । ( स्रोत : वडा तथ्यांक , DRM २०८२/०८३ )

# लक्षित जनसंख्या समूह

| विवरण | संख्या |
|---|---|
| १ बर्ष मुनिको जनसंख्या | ३२ |
| ० दे खी २३ सम्मको जनसंख्या | ६४ |
| १२ दे खी २३ सम्मको जनसंख्या | ३२ |
| १२ दे खी ५९ सम्मको जनसंख्या | ११६ |
| ५ बर्ष मुनिको जनसंख्या | १४८ |
| ६ दे खी ५९ सम्मको जनसंख्या | १२९ |
| १० दे खी १९ सम्मको किशोरीको जनसंख्या | ३१७ |
| १५-४९ बर्षका बिबाहित महिला | ३४७ |
| अनुमानित जिवित जन्म संख्या | ३२ |
| अनुमानित गर्भवति संख्या | ३८ |
| जम्मा जनसंख्या | १५४५ |
| खोप क्लिनिक संख्या | २ |
| गाउँघर क्लिनिक संख्या | २ |
| महिला स्वास्थ्य स्वयं सेविका संख्या | ९ |

6



# स्वास्थ्य सस्थाको भौतिक संरचना तथा सेवा सम्बन्धी विवरण

## स्वास्थ्य संस्थाको भौतिक संरचना तथा अन्य सेवा सम्वन्धी विवरण

| सि.नं | विवरण | अवस्था (छ वा छैन) |
|---|---|---|
| **भौतिक संरचना सम्वन्धी विवरण** | | |
| १ | स्वास्थ्य संस्थाको स्वामित्वमा (जग्गा धनी पुर्जा) रहेको जग्गा | छ |
| १.१ | जग्गा भए क्षेत्रफल (रोपनी, कठ्ठा, बर्ग मिटर) | ५ रोपनी |
| २ | स्वास्थ्य संस्थाको आफ्नै भवन | छ |
| ३ | भवन स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसारको | छैन |
| ४ | स्वास्थ्य संस्थामा प्रसुति केन्द्र | छ |
| ५ | मापदन्ड अनुसारको प्रसुति केन्द्र भवन | छैन |
| ६ | प्रसुति केन्द्रमा प्लासेन्टा पिटको व्यवस्था | छ |
| ७ | स्वास्थ्य संस्थामा नर्सिङ स्टाफको लागि अवासको ब्यवस्था | छ |
| ८ | महिला तथा पुरूषको लागि छुट्टाछुट्टै शैचालयको ब्यवस्था | छ |
| ९ | अपांग मैत्री शैचालयको व्यवस्था | छैन |

## स्वास्थ्य संस्थाको भौतिक संरचना तथा अन्य सेवा सम्वन्धी विवरण

| सि.नं | विवरण | अवस्था (छ वा छैन) |
|---|---|---|
| **भौतिक संरचना सम्वन्धी विवरण** | | |
| ११ | शुद्ध खानेपानीको नियमित उपलब्धता | छैन |
| १२ | टेलीफोन सेवाको उपलब्धता (चालु अवस्था ) | छैन |
| १३ | विधुतको नियमित उपलब्धता | छ |
| १४ | सोलार ब्याकअप | छ बिग्रेअको |
| १४.१ | सोलारको क्षमता (वाटमा) | २ कि.वा. |
| १५ | कम्प्युटर वा ल्यापटप छ (चालु अवस्थामा) | छ |
| १६ | इन्टरनेटको उपलब्धता (चालु अवस्था) | छ |
| १७ | स्वास्थ्य संस्थामा एम्वुलेन्स सेवाको उपलब्धता | छ |
| १८ | मोटरवाटो देखि स्वास्थ्य संस्था सम्मको दुरी (औशत) | ० (कि.मी.) |
| | | |

# खण्ड ३ : जनशक्ति, श्रोत तथा व्यबस्थापन

## ३.१ मानव संसाधन

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा हाल १ जना मेडिकल अधिकृत, १ जना जनस्वास्थ्य निरीक्षक, ३ जना सी.अ.न.मि निरीक्षक, १ जना स्टाफ नर्स, २ जना सी.अ.हे.व., १ जना वा.ल्या.अ.नि. र २ जना कार्यालय सहयोगीहरू गरि जम्मा ११ जना कर्मचारीहरु कार्यरत छन् । यस संस्थामा अझै एक जना कार्यालय सहयोगी र एक जना प्यारामेडिक्स गरि जम्मा २ जना कर्मचारीको आवश्यकता रहेको छ । सबैजना कर्मचारीहरु आफ्नो ड्युटी समयमा पुरा रुपमा ड्युटी रहनुहुन्छ र सेवा प्रवाहमा नियमित रुपमा हाजिर रहनुभएको छ ।

### मानव शंसाधनको अवस्था

| पद | दरवन्दी अनुसारको उपलब्धता | | कार्यरत | | | |
|---|---|---|---|---|---|---|
| | स्वीकृत दरवन्दी | पदपुर्ती | स्थाई | करार | काजमा आएको वा गएको | करारमा लिने संस्था |
| Consultant चिकित्सक | | | | | | |
| मेडिकल अधिकृत | १ | १ | १ | ० | काजमा | |
| जनस्वास्थ्य अधिकृत | | | | | | |
| ज.स्वा.नि/हे.अ. | १ | १ | १ | ० | काजमा | |
| स्टाफ नर्स | १ | १ | १ | ० | काजमा | |
| अ.हे.व./सि.अ.हे.व. | ३ | ३ | ३ | ० | | |
| सि.अ.न.मी /अ. न.मी | ३ | ३ | ३ | ० | | |
| ल्याव टे. /ल्याव अ. | १ | १ | १ | ० | | |
| अन्य प्राबिधिक | | | | २ | | नौमूले गा.पा. |
| **जम्मा** | १० | १० | १० | २ | | |

## ३.२ उपकरण, स्वास्थ्य सामाग्री तथा औषधिको अवस्था

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्र नौमूले गाउँपालिकाको प्रेषण केन्द्रको मुख्य ठाउँ हो, यहाँ दैनिक बिरामीहरुको चाप धेरै हुन्छ । नौमूले गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाबाट बिरामीहरु प्रेषण भई यहाँ आउने हुँदा धेरैजसो बिरामीहरुको चाप पनि यहाँ बढ्दो छ । सेवा संचालन गर्दै गर्दा केहि उपकरणको अभाव पक्कै पनि रहन्छ । त्यस्तै औषधिको बिबरण हेर्दा पछिल्ला दूई आर्थिक वर्षमा त्यति संस्थाबाट अभाव रहेको देखिदैन । स्टकमा औषधीको समस्या नरहेको छ । तथापि संस्थागत व्यबस्थापन गर्न कुनै न कुनै रुपमा कमीकमजोरी रहनेछ, संस्थागत रुपमा तपशिल वमोजिम औषधि तथा उपकरणको अभाव रहेको थियो ।

### उपकरण सम्वन्धी विवरण


| उपकरणको नाम | संख्या | नयाँ खरिद गर्नुपर्ने | उपकरणको नाम | संख्या | नयाँ खरिद गर्नुपर्ने |
|---|---|---|---|---|---|
| USG | 1 | | Medicine Trolly | 0 | 4 |
| X ray | 1 (Damage | 1 | Delivery Bed | 1 Old | 1 |
| Wheel Chair | 1 | 2 | Perilight | 0 | 2 |
| Printer With Photocopy | 1 | 1 | | | |
| Nebulizer Mechine | 1(Damage | 3 | | | |
| Patient Examination Table | 0 | 5 | | | |
| Steel Rack | 4 | 4 | | | |
| Steel Daraj | 6 | 3 | | | |
| Cetrifuge | 1 Damage | 1 | | | |
| Revolving Chair | 3 | 3 | | | 13 |

## खण्ड ४ : HMIS प्रतिवेदन (Reporting ) दर तथा अभिलेखीकरण अबस्था

आ.व. २०८२/०८३ मा यस नौमूले गाउँपालिका वडा नं. ५ मा रहेको नौमूले प्राथमिक स्वास्थ्य केन्द्रसंग सान्दर्भिक २५ वटा HMIS Data Set हरुको औषत प्रतिवेदन ( Reporting ) दर १०० % रहेको छ , जुन राम्रो तथ्यांक रहेको छ HCT Site, जनसंख्या ब्यबस्थापन , जस्ता Data Set हरु नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको सेवा दायरा भित्र नपर्ने भएकाले ति Data Set हरु लागु हुन सक्दैन्न । साथै यस संस्थामा सेवा दिइसकेपछि उक्त सेवाको अभिलेख रजिष्टरमा दैनिक राख्ने गरिन्छ तर त्यो समयमा स्रोत साधन अभाव रहेपनि जसरि कामलाई संस्थागत रुपमा पूर्णता दिईएको हुन्छ । हरेक महिना मासिक रुपमा ट्यालि गरेर मासिक प्रतिवेदन निकाली विधुतीय प्रणालीमा ब्यबस्थित रुपमा अभिलेख व्यबस्थापन गर्ने गरिन्छ । सम्पूर्ण अभिलेखहरूलाई मासिक रुपमा DHIS२ बाट प्रविष्ट गर्ने गरिन्छ जसलाई यस आ.व. को प्रतिवेदनको रुपमा तल प्रस्तुत गरिएको छ ।

| Reporting Rate | Reporting On Time |
|---|---|
| १०० % | १०० % |

## Dataset अनुसार एच.एम.आइ.एस. प्रतिवेदन अवस्था



# खण्ड ५ : कार्यक्रमगत प्रगति तथा उपलब्धिहरु

हरेक स्वास्थ्य संस्थामा सेवाको विवरणको अवस्था एकै भएपनि सबै संस्थामा आफ्नो संस्थागत सुचकहरुको प्रगति विवरण फरक फरक रहनेछ । यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट सेवाहरु संचालनमा रहेका र ति सेवाहरुको लक्ष्य तथा प्राप्त गरेका उपलब्धिहरुलाई प्रगति प्रतिशत तथा केहि सुचकहरुलाई संख्यात्मक रुपमा कार्यक्रमगत रुपमा प्रस्तुत गर्ने गरिन्छ । यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको आ.व. २०८२/०८३ को उपलब्ध सेवाहरुको प्रगति विवरणलाई तथा कार्य सम्पदानलाई चित्रणको रुपमा व्याख्या तथा बिश्लेषण गरिएको छ ।

## ५.१ वार्षिक सेवाप्रवाहको समग्र अवस्था

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट आ.व. २०८२/८३ मा सबै क्षेत्रको जम्मा सेवा लिने सेवाग्राहीहरुको संख्या ७०८७ जना रहेको छ जसमा ४७९५ जना महिला र २२९२ जना पुरुष सेवाग्राही रहनु भएको छ । कुल नयाँ सेवाग्राही ४५२० जना हुनुहुन्छ जसमा ३०२१ जना सेवाग्राही महिला र १४९९ जना पुरुष सेवाग्राही रहेका छन् । उमेर अनुसार हेर्ने हो भने सबै भन्दा बढी सेवा लिएको उमेर समुह २०-५९ वर्ष उमेर समूह को रहेको छ , जसमा महिला २८०७ जना रहेका छन् भने पुरुष ८०० जना रहेका छन् । यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रवाट वर्ष भरि ३७ जना महिला र ३७ जना पुरुष  सेवाग्राही हरु माथिल्लो निकायसम्म प्रेषण हुनुभएको छ । यस स्वास्थ्य संस्थाबाट बर्ष भरि २४ वटा खोप क्लिनिक तथा गाउँघरक्लिनिक संचालनमा रहेका छन । सामुदायिक महिला स्वास्थ्य स्वयमसेबिकाहरुले वर्ष भरिमा ११५६ जना सेवाग्राहीहरुलाई समुदाय स्तरमा सेवा प्रदान गर्नु भएको थियो ।

**वर्षभरिमा सेवा लिन आउनु भएका सेवाग्राहीको विवरण :**

| उमेर समूह | नयाँ सेवाग्राहीको सँख्या | | जम्मा (नयाँ र पुराना) सेवाग्राही सँख्या | | प्रेषण भई आएका जम्मा सेवाग्राही | |
|---|---|---|---|---|---|---|
| | म. | पु. | म. | पु. | म. | पु. |
| ०-९ बर्ष | 289 | 420 | 432 | 614 | 1 | 3 |
| १०-१४ वर्ष | 149 | 127 | 208 | 184 | | |
| १५-१९ वर्ष | 309 | 83 | 481 | 133 | 1 | 2 |
| २०-५९ बर्ष | 1686 | 491 | 2807 | 800 | 22 | 20 |
| ६०-६९ बर्ष | 318 | 218 | 419 | 310 | 9 | 9 |
| >= ७० बर्ष | 293 | 160 | 448 | 251 | 4 | 3 |


| कार्यक्षेत्र भित्र पर्ने निकाय | संचालन/ प्रतिवेदन हुनुपर्ने (संख्या) | संचालन/ प्रतिवेदन भएको (संख्या) | सेवा पाएका जम्मा सेवाग्राहीको संख्या |
|---|---|---|---|
| गाउँघर क्लिनिक | 24 | 24 | 236 |
| खोप क्लिनिक | 24 | 22 | 486 |
| खोप सेशन | 24 | 22 | |
| सरसफाई सेसन (पटक) | 24 | 22 | 648 |
| म. स्वा. स्व. से. | 108 | 104 | 1156 |

| न्युनतम सेवा मापदण्ड (MSS) | |
|---|---|
| कार्यन्वयन<br>१ - पहिलो २ - दोश्रो | 2 |
| स्कोर (%) | 81 |

## ५.२ स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा उपभोगको विवरण

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा प्रतिदिन सेवा लिन आउने सेवाग्राहीहरुको औशत संख्या ३० जना , खोप क्लिनिकमा प्रति खोप क्लिनिक सेवा लिन आउने सेवाग्राहीहरुको औशत संख्या २२ जना , र प्रति महिला सामुदायिक स्वयमसेविका प्रति महिना औशत सेवाग्राहीहरुको संख्या ११ जना रहेको छ । यो स्वाथ्य संस्था यस नौमूले गाउँपालिकाको सबै भन्दा ठुलो स्वास्थ्य संस्था रहेपनि जनसंख्या एकदम थोरै रहेको छ । सबै वडाको प्रेषण पायक सस्था भएकाले यति सेवाग्राहीको संख्या रहेको हो ।

**स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा उपभोगको विवरणः**




## ५.३ राष्ट्रीय खोप कार्यक्रम


नेपाल सरकारद्वारा राष्ट्रीय स्तरमा नै यस खोप कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखिएको छ । यस कार्यक्रममा लक्षित समूह ५ वर्षमुनिका बालबालिकाहरु, गर्भवती महिलाहरु तथा स्कुल पढ्ने किशोरीहरु पर्ने गर्दछन । यसमा विशेष गरि ५ वर्ष मुनिका बालबालिकाहरु तथा गर्भवती महिलाहरुको विश्लेषण गरिएको छ । नियमित खोप कार्यक्रम अन्तर्गत १ वर्ष मुनिका बालबालिकाहरुलाई दिईने BCG, OPV, DPT, PCV, FIPV, Rota र दादुरा रुबेला लगायतका खोपहरुको उपलब्धि तल प्रस्तुत गरिएको छ । आवश्यक लक्षित जनसंख्या लाई पनि विश्लेषणको रुपमा लिइएको छ ।

# राष्ट्रिय खोप कार्यक्रम

| खोपको नाम | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| BCG | 50 | 58 | 48 |
| Rota 1 | 54 | 61 | 58 |
| Rota 2 | 65 | 51 | 53 |
| OPV 1 | 54 | 61 | 58 |
| OPV 2 | 65 | 51 | 53 |
| OPV3 | 68 | 60 | 54 |
| DPT1 | 54 | 61 | 58 |
| DPT 2 | 65 | 51 | 53 |
| DPT 3 | 68 | 60 | 54 |
| FIPV1 | 68 | 60 | 54 |
| FIPV 2 | 67 | 57 | 67 |

22

# राष्ट्रिय खोप कार्यक्र प्रगति विवरण




23


# राष्ट्रिय खोप कार्यक्रम

| खोपको नाम | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| PCV 1 | 54 | 61 | 58 |
| PCV 2 | 65 | 51 | 53 |
| PCV 3 | 67 | 57 | 67 |
| Measle Rubela 1 | 67 | 57 | 67 |
| Measle Rubela 2 | 48 | 63 | 59 |
| TCV | 48 | 63 | 59 |
| Full Immunization | 48 | 63 | 59 |
| JE | 64 | 57 | 67 |
| TD 1 | 39 | 40 | 27 |
| TD 2 | 31 | 41 | 24 |
| TD 2+ | 23 | 27 | 27 |

24

# राष्ट्रय खोप कार्यक्रम

## नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको ३ आर्थि वर्षको खोप प्रगति विवरण





25

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| ➢ लक्षित जनसंख्या अनुसार खोपको प्रगति विवरण सन्तोषजनक रहेको ।<br>➢ पुर्णखोप बिस्तारै वढ्दो क्रममा रहेको ।<br>➢ सवै खोपहरुको कभरेज पहिलो आथिक वर्षमा भन्दा केही मात्रामा सुधार रहेको । | ✓ आगामी वर्षमा खोपको कभरेज अझै वढाउन प्रयास गर्नुपर्ने देखिन्छ ।<br>✓ पुर्णखोपको संख्या यो आर्थिक बर्षमा अघिल्लो बर्षको तुलनामा घटेको देखिन्छ त्यसकारण यसको लेखाजोखा राम्रो सग गर्नुपर्ने देखिन्छ । |

## ५.४ पोषण कार्यक्रम


यस कार्यक्रम अन्तर्गत २३ महिना मुनिका बालबालिकाहरुको बृद्वी अनुगमन नयाँ तथा दोहर्याई आएका बालिकाहरुको , राष्ट्रीय भिटामिन ए कार्यक्रम तथा जुकाको औषधि खुवाउने अभियान, किशोर कशोरीहरुलाई वितरण गरिने आईरन फोलिक एसिड, १८० अईरन तथा क्यालसियम चक्की पाएका गर्भवती महिला लागायत अन्य सेवाहरुलाई समेत समेटिएको छ । यो पोषण कार्यक्रम पनि नेपाल सरकारको एक महत्वपूर्ण कार्यक्रम हो । यसमा पनि सामुदायिक महिला स्वास्थ्यस्वयमसेबिकाहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समुदाय स्तरको पोषणको अवस्था थाहा पाउन तथा पोषण को लेखाजोखा गर्न महत्वपूर्ण योगदान रहेको हुन्छ ।




| सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| ➢ भिटामिन ए तथा जुकाको औषधीको खुवाउने कार्यक्रम प्रभावकारी रुपमा लागु भएको छ ।<br>➢ १८० क्याल्सियम चक्की खुवाउने कार्यक्रम विस्तारै विस्तारित हुदैछ ।<br>➢ बृद्धि अनुगमन प्रभावकरी रुपमा कार्यक्रम संचालन भएको छ, जसले गर्दा कुपोषणको लेखाजोखा गर्न सजिलो हुनेछ । | ✓ १८० आईरन चक्की वितरण यो आर्थिक वर्षमा तुलनात्मक रुपमा अली कम देखिएकोले यसलाई बढाव दिनुपर्ने देखिन्छ ।<br>✓ गर्भवति महिलाहरुको लागि क्याल्सियम चक्की वितरण कार्यक्रम अझै तिव्ररुपमा अगाडि बढाउन पर्ने देखिन्छ । |

## ५.५ नवजात शिशु तथा बालरोग एकीकृत व्यवस्थापन कार्यक्रम

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट विभिन्न सेवा दिने क्रममा ५ वर्ष मुनिका बालबालिकाहरुको स्वास्थ्य समस्या पहिचान, उपचार तथा यहाँवाट प्रेषण गरेका विवरण साथै मुख्य रोगहरुको वर्गीकरण र समुदायमा आधारित नयाँ रोगको अबस्थालाई विश्लेषण तथा चित्रण गरिएको छ । संस्थामा २-५९ महिना सम्मका बालबालिकाहरुलाई दिएको विभिन्न सेवा विवरणहरु छन् जसमा केहि सेवाहरुको प्रगति विवरणलाई सुधार गर्नु पर्ने अबस्था पनि देखिएको छ ।





**नोट** : यस चित्रलाई अध्यन गर्दा २-५९ महिनाको बालबालिकाहरुमा देखिएका विभिन्न रोगहरु जस्तै PSBI, निमोनिया र झाडापखालाको विवरण हेर्दा उपचारको पनि प्रगति विवरण १००% नै रहेको देखिन्छ यसको अर्थ के छ भने उपचार प्रोटोकल सुधारात्मक तरिकाले संस्थागत रुपमा लागु गरिएको देखिन्छ । तसर्थ, भविष्यमा अझै केस लोड बढ्न सकिने अनुमान देखिएकोले आगामी दिनहरुमा एमोक्सिसिलिन, जिंक र ओ.आर.एस.को स्टक बलियो बनाउन सबै लागिपर्नु पर्ने देखिन्छ । निमोनियाको केस पनि अघिल्लो आर्थिक वर्ष भन्दा बढ्दै गईरहेको देखिन्छ । यसमा समयमा नै स्वास्थ्य शिक्षा सम्बन्धि जनचेतनामुलक कार्यक्रम समुदाय स्तरमा गर्नु पर्ने अपरिहार्य छ ।


## ५.६ सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य

यस नौमूले गाउँपालिका अन्तर्गत वडा नं. ५ मा रहेको नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य कार्यक्रम अन्तर्गत गर्भवती जाँच (ANC), सुत्केरी सेवा प्रसुती पछिको जाँच (PNC) र नवजात शिशु स्याहार सेवाहरु समावेश छन् । तल दिइएको तालिका HMIS सूचक पुस्तिका २०८० को सूचक १.१ देखि १.४६ सुत्र प्रयोग गरि तयार गरिएको छ ।

| सूचक | सेवाग्राही | लक्षित जनसंख्या | उपलब्धि |
|---|---|---|---|
| पहिलो पटक ANC जाँच गराएका गर्भवती | ८४ | ३८ | २२१ % |
| ८ पटक ANC जाँच (प्रोटोकल अनुसार ) | ४३ | ३८ | ११३% |
| १८० दिन आईरन चक्की प्राप्त गरेका | ४५ | ३८ | ११८% |
| गर्भावस्थामा जुकाको औषधि सेवन | ५५ | ३८ | १४५% |
| १८० क्याल्सिम चक्की प्राप्त गरेका | ५ | ३८ | १३.१६% |
| सस्थागत सुत्केरी सेवा | ५५ | ३८ | १४५% |
| दक्ष स्वास्थ्यकर्मी SBA द्वारा सुत्केरी गराईएका | १८ | ३८ | ४७.३६% |
| २४ घन्टाभित्र PNC जाँच | ५६ | ३८ | १४७% |
| प्रोटोकल अनुसार ३ पटक PNC जाँच | १५ | ३८ | ४०% |
| जन्मेको एक घण्टा भित्र स्तनपान गराएको | ५५ | ३२ | १७२% |
| CHX मलम नाभीमा लगाएको | ५५ | ३२ | १७२% |
| जन्मजात कम तौल | ६ | ३२ | १८.७५% |
| मृत जन्म | ० | ३८ | - |
| सुरक्षित गर्भपतन सेवा | ३३ | ३४७ | ९.५% |
| नवजात शिशु मृत्यु | - | - | - |

**सुरक्षित मातृत्व तथा नवजातशिशु स्वास्थ्य सेवा विवरण**






## सवल पक्ष

- ✓ स्वास्थ्य संस्थामा वर्षभरिमा एक जना समेत सस्थागत सुत्केरीमा मातृमृत्यु तथा नवजात शिशु मृत्यु भएको छैन ।
- ✓ संस्थागत सुत्केरी १०० % नै रहेको छ ।
- ✓ संस्थामा क्याल्सियमको प्रयोग भखर देखि सुरुवातमा आएको छ ।
- ✓ जन्मेको एक घण्टा भित्र स्तनपान गराउने तथा जन्मने बितिकै नाभी मलम लगाउने १००% नै रहेको छ ।

## सुधार गर्नुपर्ने पक्ष

- ➢ संस्थामा सुत्केरी गराउँदा दक्ष स्वास्थ्यकर्मिबाट मात्र गराउनु पर्ने देखिन्छ ।
- ➢ प्रोटोकल अनुसार तीन पटक सुत्केरी जाँच गराउने को संख्या एकदमै कम रहेकोले यसमा पनि बिशेष ध्यान दिन पर्ने सकिन्छ ।
- ➢ जन्मजात कम तौल भएका संख्या पनि देखिएकोले यसलाई कम गर्न सुरक्षित मातृत्व कार्यक्रममा परामर्शमा बिशेष ध्यान दिन पर्ने देखिन्छ ।
- ➢ पूर्ण दक्ष प्रसुतिकर्मी बाट मात्र सुत्केरी गराउनु पर्ने देखिन्छ ।

## ५.७ प्रजनन रुग्नता सेवा कार्यक्रम

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट नियमित रुपमा प्रजनन रुगंता सेवा संचालन भईरहेको छ । यस संस्थामा कार्यरत एकजना नर्सिंग कर्मचारी तालिम प्राप्त पनि हुनुहुन्छ जसले गर्दा यस संस्थामा यो सेवा भविष्यमा निकै प्रगतिमय बन्ने देखिन्छ । महिलाहरुको प्रजनन स्वास्थ्य संग सम्बन्धित रोग,जटिलता तथा समस्याहरुको पहिचान, उपचार, परामर्श र प्रेषण सेवा दिनुलाई बुझिन्छ । यसमा सामान्यता पाठेघर खस्ने, प्रसुति फिस्टुला, यौनरोग, प्रजनन मार्गको संक्रमण, महिनावारी सम्बन्धी समस्या, शङ्कास्पद पाठेघर मुखको क्यान्सर, जस्ता धेरै महिलाहरु सम्बन्धि देखिने समस्याहरु आउने गर्दछन । यस संस्थाबाट नियमित रुपमा प्रदान हुदै आईरहेको यस प्रजनन रुग्नता सेवाभित्र देखिने विभिन्न समस्याहरुलाई जांच गरि उपचार प्रेषण तथा परामर्श गरिएको छ,जसको विवरण तल चित्रण गरिएको छ । नौमूले गाउँपालिका मा नै एक जना सेवाप्रदायक हाम्रो संस्थामा मात्र रहेकोले आगामी दिनमा अझै सेवाग्राही बढ्ने निश्चित छ ।

**९. प्रजनन् स्वास्थ्य रुग्णता सेवा**

**पाठेघरको मुखको क्यान्सर**

| | HPV DNA | | VIA | | Pap Smear & Others | |
|---|---|---|---|---|---|---|
| | Screened | Positive | Screened | Positive | Screened | Positive |
| 1 | | 3 | 4 | 5 | 6 | 7 |
| ३०-४९ वर्षका महिलाको संख्या | | | 16 | | | |
| ५० वर्ष भन्दा माथिका महिलाको संख्या | | | 1 | 1 | | |
| Ablative Treatment गराएको (संख्यामा) | | | | | | |
| Colposcopy (संख्यामा) | | | | | | |
| Leep बिधिबाट उपचार पाएका महिलाको संख्या | | | | | | |

**स्तन क्यान्सर**

| | < ४० वर्ष | ४०-७० वर्ष | > ७० वर्ष |
|---|---|---|---|
| 1 | 2 | 3 | 4 |
| Screened (सबै विधिबाट ) | | | |
| Mamogram विधिबाट screening गरेको संख्या | | | |
| Suspected | | | |

**अब्सटेट्रिक फिस्टुला**

| 1 | 2 | 3 | 4 |
|---|---|---|---|
| Screened | | Referred | |
| Suspected | | शल्यक्रिया गरेको | |

**आङ्ग खस्ने समस्या (महिलाको संख्या)**


| 1 | | 2 |
|---|---|---|
| Screened | | 4 |
| Prolapsed पत्ता लागेको | Stage 1 & 2 | |
| | Stage 3 | 2 |
| | Stage 4 | |
| Ring pessary लगाईएको | | |
| प्रेषण गरेको | | 1 |
| शल्यक्रिया गरेको | | |

**नोट : नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा पाठेघर सम्बन्धीको जांच नियमित रुपमा भईरहेको छ ।**

## ५.८ परिवार योजना कार्यक्रम

परिवार योजना कार्यक्रम पनि नेपाल सरकारको पहिलो प्राथमिकताको रुपमा रहेको कार्यक्रम हो । यो सेवा पनि नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट हालसम्म उपलब्ध ६ वटै अस्थायी परिवार नियोजनका साधनहरु सेवाको रुपमा संचालन हुदै आएका छन् । यस कार्यक्र अन्तर्गत दुई दम्पति तथा प्रजनन उमेरका महिला पुरुषलाई आफ्नो आवश्यकता र ईच्छानुसार गर्भधारण योजना बनाउन , अनिश्चित गर्भधारण रोक्न दुई सन्तान बीच उचित जन्माअन्तर राख्न विभिन्न गर्भनिरोधक बिधि तथा परामर्श सेवाहरु प्रदान गरिन्छ । यस अन्तर्गत अस्थायी बिधिहरु कन्डम, डिपो, पिल्स, सायानाप्रेस, IUCD, IMPLANT पर्दछन भने स्थायी परिवार योजनामा पुरुष स्थायी बन्ध्याकरण र महिला स्थायी बन्ध्याकरण पर्दछ ।


यस स्वास्थ्य संस्थाबाट परिवार योजनाका अस्थायी साधनहरु ६ वटा नै नियमित रुपमा उपलब्ध रहदै सेवा संचालनमा छ भने स्थायी बन्ध्याकरण स्वास्थ्य सेवा कार्यालय दैलेखबाट बार्षिक रुपमा एकपटक शिबिर आयोजना गरिएको छ ।




परिवार योजना कार्यक्रम यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित रुपमा संचालनमा रहेको छ । यस चित्रणमा हेर्दा अहिले सम्मकै बढी ५ वर्षे ईम्पलानट सेवामा सेवाग्राहीको आकर्षण बढ्दो देखिन्छ । त्यस्तै सबै भन्दा कम साधनको रुपमा पिल्स चक्की प्रयोगकर्ताको दर एकदमै कम मात्रामा देखिएको छ । संस्थामा कहिले लाही मात्र कन्डमको स्टक आउट हुने गरेको छ भने अरु साधनहरु प्रयाप्त मात्रामा उपलब्ध रहेका छन ।


## ५.९ क्षयरोग नियन्त्रण कार्यक्रम

क्षयरोग एउटा सर्ने रोग हो। यो रोग Mycobacterium Tuberculosis नामक सुक्ष्म जीवाणु बाट रोग सर्ने तथा लाग्ने गर्दछ। यो संक्रामक रोग हो। यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सम्पर्कमा आउने र श्वासप्रश्वास माध्यमबाट सर्ने गर्दछ। यो रोग प्राय गरि २ प्रकारको हुने गर्दछन। मानव शरीरमा फोक्सोमा लाग्ने क्षयरोग र फोक्सो भन्दा बाहिर लाग्ने गरि दुई प्रकारको हुन्छ। क्षयरोगको किटाणु २४ मार्च १८८२ मा जर्मनका बैज्ञानिक डा. रोवर्ट कक (ROBERT KOCH ) ले पत्ता लगाएका हुन्। सन् १९९३ मा विश्व स्वास्थ्य संगठन (WHO) ले क्षयरोगलाई विश्वको जनस्वास्थ्यको प्रमुख समस्याको रुपमा घोषणा गरी यसको व्यवस्थापनको लागि नयाँ नीती तथा कार्यक्रमहरुमा प्राथमिकता दिदै यस रोगलाई नियन्त्रण गर्ने सन् २०५० सम्मको लक्ष्य राखिएको छ। संघियता पछी स्थानीय तहमा पनि नेपाल सरकारबाट क्षयरोग लक्षित कार्यक्रम संचालनमा ल्याईएको छ, जस अन्तर्गत स्थानीय तहको स्वास्थ्य शाखामा समेत एकजना क्षयरोग कार्यक्रम अधिकृतको दरबन्दी पनि नेपालसरकारा द्वारा पठाईएको छ , जसले गर्दा यस क्षयरोग कार्यक्रमको महामारीलाई कम गर्न सकिन्छ। तलको चित्रणमा नौमूले गाउँपालिका अन्तर्गत वडा नं. ५ को क्षयरोगको अबस्था देखाउन खोजिएको छ। वडामा भएको केस र यसको उपचार दरलाई प्रस्तुतगरिएको छ।




## ५.१० कुष्ठरोग नियन्त्रण कार्यक्रम

कुष्ठरोग पनि समुदाय स्तरमा रहने एक सरुवा रोग हो । जुन रोग Mycobacterium leprous नामक सुक्ष्म किटाणु बाट सर्ने अथवा लाग्ने गर्दछ । यसलाई Hansen's Disease भनेर पनि चिनिन्छ । यो रोगको संक्रमण भईसकेका बिरामीहरुको मुख्यतय श्वाप्रश्वासको माध्यमबाट नाक र मुख बाट निस्कने थुकका छिटाहरुबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । यस रोगले मुख्यत छाला र सतहको स्नायु (Peripheral Nerves) मा असर गर्ने गर्दछ । नेपाल सरकारको प्रोटोकल अनुसार स्वास्थ्य कर्मिको निगरानीमा नियमित रुपमा यसको औषधी सेवन गरे यो रोग पूर्ण रुपमा निको हुन्छ । समयमा नै यस रोगको शङ्कास्पद  लक्षण हरु छन भने नजिकको स्वास्थ्य सस्थामा गएर उपचार सुरु गर्न सकियो भने यसबाट हुन सक्ने शारीरिक अपांगतालाई रोकथाम गर्न सकिन्छ । नेपाल सरकाले सन् २०१० मा राष्ट्रीय स्तरमा कुष्ठरोग निवारण (Leprosy Elimination) को ऐतिहासिक लक्ष्य हासिल गरे पनि केहि जिल्लाहरुमा अझै चुनौती बाकि रहेकाले कुष्ठरोग नियन्त्रण कार्यक्रम अहिले सम्म पनि स्थानीय तहमा रोग पूर्ण रुपमा नियन्त्रण गर्नको लागि सक्रिय रुपमा लागिरहेको छ । यस कार्यक्रमले समुदाय स्तरमा लुकेर रहेको बिरामीहरुको प्रारम्भिक पहिचान गरि सबै स्वास्थ्य संस्थाहरुबाट निशुल्क रुपमा औषधि वितरण भईरहेको छ । Epidemiology and disease control division ले यस रोग सम्बन्धिका समुदायस्तर बाट आउन सक्ने बिभिन्न लान्छना हरु हटाउदै सन् २०३० सम्म मा कुष्ठ रोग मुक्त नेपाल बनाउने यस कार्यक्रमको मुख्य उदेश्य हो । तलको चित्रमा यस नौमूले गाउँपालिका वडा नं. ५ मा रहेको नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट दर्ता भएर उपचारमा रहेका सेवाग्राहीको विवरन उल्लेख गरिएको छ ।



## ५.११ एच.आई.भी. तथा PMTCT कार्यक्रम


यो रोग पनि विश्वव्यापी रुपमा रहेको एक सरुवा रोगको रुपमा चिन्न सकिन्छ । नेपालमा एच.आई.भी को पहिलो संक्रमण सन् १९८८ मा देखिएको थियो । जसको रोकथाम तथा नियन्त्रणको लागि सन् १९९३ मा राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको स्थापना भई सन् २००३ देखि नेपाल सरकार द्वारा निशुल्क Antiretroviral medicine माध्यमबाट औषधी उपचार सुरु गरिएको थियो । हाल नेपाल यो रोगको महामारी केन्द्रीय महामारी अर्थात Concentrated Epidemic को रुपमा रहेको देखिन्छ, जुन सामान्य जनसंख्या १५ देखि ४९ वर्षकोमा ०.३ प्रतिशत को न्यून दरमा सीमित भएतापनि कुल अनुमानित यस रोगको संक्रमित संख्या ३०,३०० रहेको छ, जसमा ७२% भन्दा बढी संक्रमण असुरक्षित यौन सम्पर्कको कारणले हुने गरेको देखिन्छ । ए.च.आई.भी. बिशेष गरी संक्रमित व्यक्तिमा प्रयोग गरिएको सूई द्वारा ७.९%, तेर्सो लिंगी ६.३%, समलिंगी पुरुषहरु ५.५% र महिला यौनकर्मीहरु जस्ता उच्च जोखिम समुहहरुमा यो रोग लाग्न सक्ने सम्भावना जोखिमयुक्त रुपमा रहेको छ । सरकारले सन् २०३० सम्ममा यस महामारीलाई जनस्वास्थ्यको खतराबाट पूर्ण रुपमा हटाउने विश्वव्यापी लक्ष्यका साथै सन् २०२६ सम्ममा ९५% संक्रमितको पहिचान गर्ने, ति मध्ये ९५% लाई उपचारमा समेट्ने र उपचारमा रहेका ९५%को भाईरसको मात्रा निस्क्रिय पार्ने रणनीतिक योजना अनुरुप कार्य भईरहेको देखिन्छ । यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा एच.आई.भी. संक्रमितहरुको उपचार सेवा नभएकाले हाम्रो सस्थामा एच.आई.भी. संक्रमित शुन्य छ भने गर्भवती समयमा Baseline General PMTCT चेकजाँचको सेवा मात्र रहेको छ , त्यसकारण तलको चित्रमा तीन आर्थिक वर्षमा कति जना गर्भवती महिलाहरुलाई PMTCT  सेवा प्रदान गरिएको छ भन्ने कुरा प्रष्ट पारिएको छ ।



## ५.१२ प्रमुख १० स्वास्थ्य मुख्य समस्याहरु

यस नौमूले गाउँपालिका अन्तर्गत वडा नं. ५ मा रहेको नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा आ.व. २०८२/०८३ मा बहिरंग उपचार सेवामा उपचारमा आएका विभिन्न रोगहरुको वर्गीकरण अनुसार दिईएको छ । जसमा ओ.पी.डी. मा आउने दैनिक बिरामीहरुलाई रेकर्ड तथा रिपोर्ट गरी तथ्यांक अध्यावधि गरिएको हुन्छ । त्यसको आधारमा दैनिक रुपमा उपचार गराउन आउने बिरामीहरुको संख्याको सबै भन्दा बढी कुन रोग उपचार गराउनेको संख्या बढी छ त्यही तथ्यांक हेरेर प्रमुख १० वटा रोगहरुलाई यसरी चित्रमा प्रस्तुत गरिएको छ ।

### TOP 10 DISEASE




51

### Top Ten Disease

| S.N. | Top 10 Disease | % of the new OPD(2081/82) | Rank of 2082/83 |
|---|---|---|---|
| 1 | Gastritis | 25.73 | 351 |
| 2 | Hypertension | 20.73 | 329 |
| 3 | Dermatitis | 11.25 | 182 |
| 4 | Injuries | 15.93 | 148 |
| 5 | URTI | 34 | 145 |
| 6 | ARI/LRTI | 11.06 | 120 |
| 7 | UTI | 6.19 | 116 |
| 8 | COPD | 5.5 | 111 |
| 9 | PID | 3.2 | 98 |
| 10 | Diarrhea | 13.14 | 97 |

50

## ५.१३ नसर्ने रोग तथा मानसिक स्वास्थ्य

**नेपालको सन्दर्भमा नसर्ने रोग (NCDs) तथा मानसिक रोगको तथ्यांकसहित** प्रस्तुतीकरण वा प्रतिवेदन यसरी व्याख्या गर्न सकिन्छ।

### १. नसर्ने रोग (Non-Communicable Diseases–NCDs)

नसर्ने रोग भनेको एक व्यक्तिबाट अर्को व्यक्तिमा प्रत्यक्ष रूपमा नसर्ने, सामान्यतया लामो समयसम्म रहने तथा दीर्घकालीन उपचार र व्यवस्थापन आवश्यक पर्ने रोगहरू हुन्। प्रमुख नसर्ने रोगमा **मुटु तथा रक्तनलीसम्बन्धी रोग, क्यान्सर, मधुमेह र दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग** पर्दछन्।

नेपालमा नसर्ने रोगको अवस्था

नेपालमा १५—६९ वर्ष उमेर समूहका **५,५९३ जना** सहभागी भएको राष्ट्रिय STEPS Survey 2019 ले नसर्ने रोगका जोखिमकारकहरूको महत्वपूर्ण अवस्था देखाएको छ।

| सूचक | नेपालमा अवस्था |
|---|---|
| हाल कुनै पनि सुर्तीजन्य पदार्थ प्रयोग गर्ने | २८.९% |
| पुरुषमा सुर्तीजन्य पदार्थ प्रयोग | ४८.३% |
| हाल मदिरा सेवन गर्ने | २३.९% |
| ३० दिनभित्र अत्यधिक मदिरा सेवन गर्ने | ६.८% |
| दैनिक सुर्तीजन्य पदार्थ प्रयोग गर्ने | २४.१% |
| हाल धूम्रपान गर्ने | १७.१% |
| फलफूल तथा तरकारीको अपर्याप्त सेवन | ९७% |
| उच्च रक्तचाप | करिब २५% (१/४) |

यी मध्ये **सुर्तीजन्य पदार्थ, मदिरा, अस्वस्थकर खानपान, शारीरिक निष्क्रियता, मोटोपना, उच्च रक्तचाप, उच्च रक्त ग्लुकोज र उच्च कोलेस्ट्रोल** नसर्ने रोगका प्रमुख जोखिमकारक हुन्।

मृत्युको जोखिम नेपालमा ३०—७० वर्ष उमेरमा **मुटुरोग, क्यान्सर, मधुमेह तथा दीर्घ श्वासप्रश्वाससम्बन्धी रोगका कारण मृत्यु हुने सम्भावना सन् २०१९ मा २०.०%** रहेको WHO को तथ्यांकले देखाउँछ।

यसबाट नेपालमा नसर्ने रोगहरू केवल वृद्ध उमेरको समस्या नभई **काम गर्ने उमेर समूहलाई समेत प्रभावित गर्ने प्रमुख जनस्वास्थ्य समस्या** भएको देखिन्छ।

## २. मानसिक रोग (Mental Health Problems)

मानसिक स्वास्थ्य भन्नाले व्यक्तिले आफ्नो भावना, सोचाइ र व्यवहारलाई स्वस्थ रूपमा व्यवस्थापन गरी दैनिक जीवन, परिवार तथा समाजमा प्रभावकारी रूपमा काम गर्न सक्ने अवस्था हो। मानसिक रोगमा **डिप्रेसन, चिन्ता (Anxiety), तनावसम्बन्धी समस्या, द्विध्रुवीय विकार (Bipolar disorder), मनोविकृति/साइकोसिस, स्किजोफ्रेनिया, लागूपदार्थ तथा मदिरा प्रयोगसम्बन्धी समस्या** आदि पर्दछन्।

नेपालमा गरिएको **National Mental Health Survey 2019–2020** मा ९,२०० जना वयस्क र ५,८८८ जना किशोर—किशोरी गरी **१५,०८८ जना** सहभागी थिए।

मानसिक रोगसम्बन्धी प्रमुख तथ्यांक

| **मानसिक स्वास्थ्य सूचक** | **वयस्क** | **किशोर—किशोरी** |
|---|---|---|
| जीवनकालमा कुनै मानसिक रोग | १०% | ५.२% |
| हालको मानसिक रोग | ४.३% | ५.२%* |
| डिप्रेसिभ डिसअर्डर | २.९% | ०.६% |
| Anxiety/Stress सम्बन्धी समस्या (हाल) | ३.०% | २.८% |
| Suicidality | ७.२% | ४.१% |
| हाल आत्महत्याको विचार | ६.५% | ३.९% |
| जीवनकालमा आत्महत्याको प्रयास | १.१% | ०.७% |

किशोरको ५.२% तथ्यांकलाई उक्त राष्ट्रिय सर्वेक्षणमा any mental morbidity का रूपमा रिपोर्ट गरिएको छ।

### पछिल्लो DHS 2022 को अवस्था

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ का १५—४९ वर्ष उमेर समूहसम्बन्धी तथ्यांकको विश्लेषणमा:
डिप्रेसनका लक्षण — ४.०%
Anxiety का लक्षण — १७.७%
डिप्रेसन वा Anxiety मध्ये कुनै एक — १८.०%

Anxiety/Depression का लक्षण भएकामध्ये केवल ३२.९% ले उपचार/सहयोग खोजेको देखिएको छ।
यसले मानसिक स्वास्थ्यमा समस्या हुनुका साथै उपचार तथा सहयोग खोज्ने दर पनि कम रहेको देखाउँछ।

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट तीन आर्थिक वर्षको  ओ.पी.डी. मा सेवा दिइएको नसर्ने रोगहरुको तथा मानसिक स्वास्थ्य समस्याहरुको विवरण तलको चित्रमा देखाईएको छ :


## नसने रोग सम्बिी सेवाको तुिनात्मक अवस्था

| Indicator | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| Number of total Hypertension cases | ३२८ | २५८ | २८० |
| Number of Diabetes Mellitus cases | ३६ | ४४ | ६१ |
| Number of Cancer cases | ० | ० | ० |
| Number of COPD cases | १९ | ५४ | ९१ |
| Number of RTA cases | ५ | ० | ९ |

45

## नसर्ने रोग सेवा


नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको ३ आर्थिक वर्षको नसर्ने रोगहरुको विवरण




46

# मानसिक स्वास्थ्य सेवा

नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा ३ आर्थिक वर्षमा मानसिक स्वास्थ्य समस्याको विवरण




48


# मानसिक स्वास्थ्य सेवा

| Indicator | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| मानसिक रोग सम्बन्धी सेवा | | | |
| Total number of mental health cases | 82 | 151 | 311 |
| Number of cases for Depression | 36 | 50 | 50 |
| Number of cases for Anxiety disorder | 10 | 63 | 105 |
| Number of cases for Conversion disorder | 0 | 1 | 0 |
| Number of cases for Acute Psychosis | 8 | 37 | 63 |
| Number of cases for Epilepsy | 23 | 63 | 79 |
| Number of cases for AUD | 2 | 1 | 6 |
| Number of cases for BPD | 1 | 1 | 4 |

47

## ५.१४ प्रयोगशाला सेवा

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रयोगशाला सेवा पनि संचालनमा छ । नौमूले गाउँपालिका अन्तर्गत सबै वडाहरुको बिरामीहरुको लागि प्रेषण हुने ठाउँ यही संस्था भएकोले यहा दिनमा ५/१० जनाको प्रयोगशाला सामान्य रुपमा परिक्षण हुने गर्दछ भने गर्भवतीहरुको  ANC परिक्षण पनि प्रयोगशाला सेवाबाट हुदै आईरहेको छ । तीन आर्थिक वर्षमा यस संस्थाको प्रयोगशालाबाट सेवा पाएका सेवाग्राहीहरुको संख्यात्मक विवरण तल चित्रन गरिएको छ :





२०८०/०८१ आर्थिक वर्षमा प्रयोगशाला सेवा लिनेको संख्या ५०३ जना रहेको छ, आ.व. २०८१/०८२ मा प्रयोगशाला बाट सेवा प्राप्त गर्ने सेवाग्राहीको संख्या ४५० रहेको छ भने आ.व. २०८२/०८३ मा जम्मा ३२० जनाले मात्र प्रयोगशाला सेवा लिएका छन । तथापि प्रत्येक आर्थिक बर्षमा सेवा लिने सेवाग्राहीको संख्या क्रमश घट्दै गएको देखिन्छ । आगामी दिनमा प्रयोगशालाको गुणस्तर अलि बृद्दी गर्दै प्रभावकारी रुपमा प्रयोगशाला सेवालाइ निरन्तरता दिनु अपरिहार्य देखिन्छ ।

## ५.१५ भिडियो एक्सरे सेवा

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्र बाट भिडियो एक्सरे सेवा पनि संचालनमा रहेको छ, यस स्वास्थ्य सस्थामा दिनमा औषत ४ देखि १० जना को सामान्य भिडियो एक्सरे हुने गर्दछ । बिभिन्न रोगहरुको अनुसान्धन गर्न तथा रोगबारे पत्ता लगाई समयमा नै उपचार गर्न भिडियो एक्सरे सेवा निकै प्रभावकारी देखिएको छ । तीन आर्थिक वर्षको भिडियो एक्सरे सेवाको विवरण तल चित्रमा प्रस्तुत गरिएको छ :

### भिडियो एक्सरे सेवा




61

### भिडियो एक्सरे सेवा


| आ.व. | सेवा पाएका संख्या |
|---|---|
| २०८०/०८१ | ५५ |
| २०८१/०८२ | ३५ |
| २०८२/०८३ | ४१ |

60

## ५.१६ आकस्मिक स्वास्थ्य सेवा

पछिल्लो ३ आर्थिक वर्षमा यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रवाट आकस्मिक स्वास्थ्य सेवा प्राप्त गरेका सेवाग्राहीहरुको विवरण संख्यात्मक रुपमा यसरी तल प्रस्तुत गरिएको छ :

### आकस्मिक स्वास्थ्य सेवा




59

### आकस्मिक स्वास्थ्य सेवा

| आ.व. | सेवा पाएका सेवाग्राहीहरुको संख्या |
|---|---|
| २०८०/०८१ | १५० |
| २०८१/०८२ | १९० |
| २०८२/०८३ | २१४ |

58


यो स्वास्थ्य संस्थामा उपलब्ध स्रोत साधनको उपभोग गर्दै प्राथमिक उपचार गरेर आफु भन्दा माथिल्लो निकाय सम्म प्रेषण गर्नसक्नु यस सस्थाको दायित्व भित्र पर्दछ । हामीले जटिल अबस्थालाई अझ त्योभन्दा अगाडी जटिल नहोस भनेर समाधान को उपाय यस संस्थामा रहन्छ र यस संस्थाबाट त्यस्ता जटिल अबस्थाहरुलाई प्राथमिक उपचार गरेर माथिल्लो निकायसम्म पुर्याउन सक्नु प्राथमिक स्वास्थ्य केन्द्रको मुख्य काम तथा जिम्मेबारी रहनेछ ।

## ५.१७ मनोसामाजिक परामर्श सेवा

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट मानसिक स्वास्थ्य समस्या भएका सेवाग्राहीहरुलाई मानसिक परामर्श सेवा दिन सकिन्छ । यस सम्बन्धि ६ महिना सम्म तालिम प्राप्त स्वास्थ्यकर्मी पनि संस्थामा कामकाज गर्दै आउनु भएको छ । आ.व. २०८२/०८३ मा मानसिक स्वास्थ्य समस्या भएका जम्मा २४ जना सेवाग्रीहरुले मनोसामाजिक परामर्श सेवा प्राप्त गर्नु भएको छ । आगामी दिनमा अझै मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा संचालन गर्न सस्थागत रुपमा व्यवस्थापन राम्रो हुनु अति आवश्यक रहनेछ ।

## ५.१८ ग्रामिण अल्ट्रासाउण्ड  कार्यक्रम

यो सेवा पनि यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट संचालनमा रहेको छ । दुर्गमका बस्तिहरुमा गएर गर्भवती महिलाहरुलाई यो सेवा प्रादान गरिएको छ । हाम्रो संस्थामा पनि यो बिषय सम्बन्धि तालिम प्राप्त दक्ष जनशक्ति रहेको छ । जसले गर्दा गर्भवती आमाहरुले समयमा नै आफ्नो बच्चाको अवस्था थाहा पाउन सजिलो हुनेछ । २०८२/०८३ मा यस संस्थाबाट ग्रामिण अल्ट्रा साउण्ड प्राप्त गरेका गर्भवती महिलाहरुको संख्या तल चित्रन गरिएको छ :



# खण्ड ६ : संस्थाको न्युनतम सेवा मापदण्ड

आ.व. २०८२/०८३ मा यस संस्थामा दुई पटक स्वास्थ्य सेवाहरुको गुणस्तर लेखाजोखा गरिएको थियो । Everest Club दैलेखको सहजीकरण र स्वास्थ्य शाखा नौमूलेको आयोजनामा कार्यक्रम सम्पन्न गरिएको थियो । जसमा स्वास्थ्य संस्थाहरुको विभिन्न सेवाहरुको गुणस्तर कार्यसम्पादनबारे विभिन्न सुचकहरुमा छलफल गरि कार्ययोजना समेत निर्माण गरिएको थियो । पहिलो न्युनतम सेवा मापदण्ड मा ६२% प्रतिशत कुल अंक प्राप्त भएको थियो भने दोर्सो पटक गरिएको कार्यक्रममा जम्मा ८१% कुल अंक प्राप्त गरि पालिकामा सबै भन्दा उत्कृष्ट स्वास्थ्य संस्था भएको थियो । न्युनतम सेवा मापदण्ड को विवरण तपशिल वमोजिम रहेको छ :

## स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोडिंग स्कोर

| न्यूनतम सेवा मापदण्डका भागहरु | | कलर कोडिंग स्कोर | |
|---|---|---|---|
| | | मिति: २०८२/३/४ मुल्यांकन २ | मिति: २०८३/२/२९ मुल्यांकन ३ |
| खण्ड १ सुशासन र व्यवस्थापन | | | |
| १.१ | सुशासन | ६४ | ७२ |
| १.२ | संस्थागत व्यवस्थापन | ६७ | ८७ |
| १.३ | मानवश्रोत व्यवस्थापन र विकास | ८० | ८० |
| १.४ | आर्थिक व्यवस्थापन | ७८ | ७८ |
| १.५ | मेडीकल रेकर्ड र सूचना व्यवस्थापन | ७५ | १०० |
| १.६ | गुणस्तर व्यवस्थापन | ५० | ४० |

| न्यूनतम सेवा मापदण्डका भागहरु | | कलर कोडिंग स्कोर | |
|---|---|---|---|
| | | मिति: २०८२/३/४ मुल्यांकन २ | मिति: २०८३/२/२९ मुल्यांकन ३ |
| खण्ड २: क्लिनिकल सेवा व्यवस्थापन | | | |
| २.१ | बहिरंग सेवा (ओ. पि. डि.) | ८२ | ९३ |
| २.२ | खोप र बृद्दि मुल्याङ्कन | ७८ | ७२ |
| २.३ | परिवार नियोजन सेवा | ७५ | ९० |
| २.४ | ANC र PNC सेवाहरु | ९० | ९० |
| २.५ | DOTS क्लिनिक | ४१ | ८२ |
| २.६ | ड्रेसिंग, ईन्जेक्शन र दैनिक प्रक्रियाहरु | ५२ | ७६ |
| २.७ | औषधी सेवा (डिस्पेन्सरि) | ५२ | ६५ |
| २.८ | बर्थिंग केन्द्र ** | ८५ | ९० |

*नोट: पछिल्लो २ चरणको MSS स्कोर उल्लेख गर्नुहोस*

## स्वास्थ्य चौकीको लागि कुल MSS अङ्कको आधारमा कलर कोडिंग स्कोर

| न्यूनतम सेवा मापदण्डका भागहरु | | कलर कोडिंग स्कोर | |
|---|---|---|---|
| | | मिति: २०८२/३/४ मुल्यांकन २ | मिति: २०८३/२/२९ मुल्यांकन ३ |
| २.९ | प्रयोगशाला सेवा (प्रयोगशाला भएकाको लागि) | ७१ | ९३ |
| खण्ड ३ स्वास्थ्य चौकी सहयोग सेवा व्यवस्थापन | | | |
| ३.१ | उपकरण प्रशोधन र निर्मलीकरण | ५१ | ८२ |
| ३.२ | लन्ड्री सेवा (लुगा धुने व्यवस्था) | ५९ | ७६ |
| ३.३ | सरसफाई | ७७ | ६९ |
| ३.४ | विधुत तथा अन्य उर्जाको प्रणाली | ६७ | ६७ |
| ३.५ | पानीको स्रोत | ७५ | ७५ |
| ३.६ | स्वास्थ्यसेवाजन्य फोहोर व्यवस्थापन | ५७ | ६४ |
| ३.७ | सुरक्षा र संरक्षण | २५ | ५० |
| ३.८ | यातायात साधन र संचार | १०० | १०० |
| ३.९ | भण्डार (मेडिकल र उपकरण) | ६० | ७० |

| कुल प्राप्तांक | | | |
|---|---|---|---|
| कुल प्राप्तांकको आधारमा कोडिंग संकेत | <५० % | सेतो | |
| | ५०-६९ % | पहेंलो | |
| | ७०-८४ % | निलो | ८१ % |
| | ८५-१०० % | हरियो | |

## कार्ययोजना फारम
## समस्या समाधानको लागि कृयाकलापहरू तय गर्ने

| सि.नं | प्रस्तावित कृयाकलापहरू | जिम्मेवार व्यक्ती | समयसिमा | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | स्वास्थ्य व्य.स.को अभिमुखीकरण नभएको | स्वास्थ्य शाखा | असार २०८३ | एभरेष्ट क्लब, दैलेख |
| २ | बार्षिक कार्ययोजना नभएको | प्रा.स्वा.के.प्र. | श्रावण मसान्त सम्म | |
| ३ | STP नभएको | स्वास्थ्य शाखा, प्रा.स्वा.के.प्र. | श्रावण मसान्त सम्म | |
| ४ | IECMaterial Corner नभएको | प्रा.स्वा.के.प्र. | असोज मसान्त सम्म | |
| ५ | औजार उपकरण नभएको | प्रा.स्वा.के.प्र. | असोज मसान्त सम्म | |
| ६ | बर्थिङ सेन्टरमा औषधीको अभाव भएको | प्रा.स्वा.के. प्र. | असोज मसान्त सम्म | |
| ७ | RRT को अभिमुखीकरण नभएको | स्वास्थ्य शाखा, प्रा.स्वा.के.प्र. | पौष मसान्त सम्म | |
| ८ | आगो निभाउने यन्त्र नभएको | स्वास्थ्य शाखा, नौ.प्रा.स्वा.के. प्र. | असोज मसान्त सम्म | |
| | | | | |
| | | | | |
| | | | | |

## खण्ड ७ : उत्कृष्ट तथा नवीतम कार्यहरु

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रले हरेक वर्ष नियमित प्रभावकारी सेवाको साथै केही न केही नविनतम क्रियाकलाप तथा कार्यक्रमहरुको कार्यसम्पादन गर्दै आईरहेको छ । जसलाई तपशिल बमोजिम प्रस्तुत गरिएको छ :

| क्र.स. | सम्पादित नबितम कार्यहरुको विवरण |
|---|---|
| १. | सुत्केरी हुने आमाहरुलाई डिस्चार्ज हुने समयमा नै यातायात खर्च दिने गरेको |
| २. | स्वास्थ्य संस्था व्यवस्थापन अध्यक्ष ज्यु बाट सुत्केरी भान्साको लागि आबश्यक ब्यबस्थापन गरेको |
| ३. | हरेक महिना २० गते गर्भवती महिलाहरुको लागि निशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिएको |
| ४. | मासिक रुपमा स्वास्थ्य सम्बन्धी बिषयमा CME कक्षा संचालन गरिएको |
| ५. | कुपोषित बालबालिकाहरु पहिचान गर्नको लागि म.स्वा,स्व,से,हरुलाई २ दिने तालिम संचालन गरेको |
| ६. | Orientation on Childhood NCDs बारे FCHV हरुलाई १ दिने अभिमुखीकरण गरेको |
| ७. | संस्थाको मासिक र बार्षिक सेवा प्रवाहको विवरण नियमित रुपमा सार्वजनिक गरिएको |
| ८. | मासिक रुपमा कर्मचारिहरुको बैठक संचलान भएर स्वास्थ्य सम्बन्धीका विभिन्न बिषयमा छलफल भएको |
| ९. | संस्थामा सार्वजनिक बिदाको दिन पनि आकस्मिक सेवा दिईरहेको |
| १०. | संस्थाको वार्षिक कार्ययोजना बनाई पालिका तथा विभिन्न संघ सस्था संग समन्वय सहकार्य गरेको |
| ११. | सेवाग्राहीको लागि स्तनपान कक्षको स्थापना गरिएको |
| १२. | स्वास्थ्य व्यबस्थापन समितिको क्षमता अभिब्रिद्धी कार्यक्रम संचालन गरिएको |
| १३. | किशोरकिशोरीहरुलाई बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएको |
| १४. | भैरव मा.बि. मा माविस्तरीय स्वास्थ्य सम्बन्धी हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरिएको |
| १५. | समुदाय स्तरमा १००० दिनका आमाहरुमा पोषिलो खाना प्रदर्शनी कार्यक्रम गरिएको |
| १६. | संस्थामा मानसिक स्वास्थ्य.अपाङ्गता, कान र आँखा सम्बन्धिको बिशेषज्ञ स्वास्थ्य शिबिर संचालन भएको |

## खण्ड ८ : संस्थाका नियमित उपलब्ध सेवाहरुको विवरण

यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट सार्वजनिक बिदाको दिन बाहेक दैनिक रुपमा प्रवाह हुने सेवाहरुको विवरण यसप्रकार रहेको छ :

| क्र.स. | सेवाको विवरण | सेवा संचालन रहने समय |
|---|---|---|
| १. | दैनिक बिरामी जांच (OPD) सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| २. | आकस्मिक सेवा | २४ सै घण्टा |
| ३. | नाम दर्ता र विलिंग सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| ४. | प्रसुति सेवा (Delivery Service) | २४ सै घण्टा |
| ५. | खोप सेवा | हरेक महिनाको ३ र ४ गते बिहान ९ बजे देखि ४ बजे सम्म |
| ६. | परिवारयोजना सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| ७. | क्षयरोग,कुष्ठरोग सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| ८. | IMAM तथा पोषण सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| ९. | गर्भजांच तथा परामर्श सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| १०. | सुरक्षित गर्भपतन सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| ११. | प्रयोगशाला सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| १२. | मानसिक स्वास्थ्य तथा नसर्ने रोगको सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| १३. | निशुल्क औषधि वितरण | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| १४. | Minor OT, Dressing, Suture सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| १५. | निशुल्क VIAA तथा प्रजनन रुग्नता सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| १६. | सरुवा रोग सम्बन्धी सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| १७. | भिडियो एक्सरे सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| १८. | सादा एक्सरे सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| १९. | RUSG सेवा | हरेक महिनाको २० गते |
| २०. | मनोसामाजिक परामर्श सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| २१. | गाउँघर क्लिनिक सेवा | हरेक महिना १९ र २० गते |
| २२. | ५ बर्ष मुनिका बालबालिकाहरुको उपचार सेवा | हरेक दिन ९ बजे बिहान देखि बेलुका ४ बजे सम्म |
| २३. | रेबिज भ्याक्सिन लगाउने सेवा | हरेक दिन कार्यालय समय दिउसो २ बजे |

## खण्ड ९ : कार्यक्रमका मुख्य चुनौती तथा सामाधानका उपायहरु

| क.स. | कार्यक्रमको नाम | मुख्य समस्या तथा चुनौतिहरु | समाधानका उपायहरु | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| १. | प्रसुति सेवा | सेवा संचालन एकै ठाउँ बाट गर्नु परेको छ । भवनको अवस्था जिर्ण रहेकोले बर्षातको समयमा पालको सहायतामा सेवा प्रवाह गर्नु परिरहेको छ । | भवनको पुननिर्माण गर्नुपर्ने | नौमूले गा.पा. ५ नं. वडा कार्यालय |
| २. | खोप तथा गाउँ घर क्लिनिक सेवा | मापदण्ड अनुसारको खोप केन्द्र नभएको अन्य ठाउँमा लगाउनु पर्ने । | मापदण्ड सहितको खोपकेंद्र भवन निर्माण गर्नुपर्ने | नौमूले गा.पा. ५ नं. वडा कार्यालय |
| ३. | CB-IMNCI | ५ वर्ष मुनिका बालाबालिकाहरु कम मात्रामा सेवा लिएको र औषधि झोल मात्रा कम उपलब्ध भएको | पहुचं बृद्वीको लागि समुदायमा जनचेतना मुलक कार्यक्रम आयोजना गर्ने साथै झोल मात्राका औषधिहरु प्रयाप्त मात्रा उपलब्ध गराउनु पर्ने | नौमूले गा.पा. स्वास्थ्य शाखा |
| ४. | आकस्मिक सेवा | संस्थाको आकस्मिक सेवा लिने सेवाग्राहीहरुको पहुचमा कम भएको | आकस्मिक सेवाका लागि आवश्यक पर्ने औषधि तथा उपकरणहरु उपलब्ध गराउनु | नौमूले गा.पा. स्वास्थ्य शाखा |
| ५. | क्षयरोग कार्यक्रम तथा कुष्ठ रोग कार्यक्रम | सेवाग्राहीहरुको पहुँच नभएको | समुदाय स्तरमा क्षयरोग सम्बन्धीका कार्यक्रमहरु व्यापक रुपमा जनचेतना मुलक रुपमा संचालन गर्नुपर्ने | नौमूले गा.पा. स्वास्थ्य शाखा |
| ६. | सादा एक्सरे सेवा | सेवा दिन नसकेको / बिग्रियकोले | नयाँ खरिद गरि चाडै संचालनमा ल्याउन पर्ने | नौमूले गा.पा. स्वास्थ्य शाखा |
| ७. | मानसिक स्वास्थ्य सेवा | औषधि तथा HMIS Tool उपलब्ध हुन नसकेको | औषधिको स्टक लेबल सधै एकनास रुपमा आपूर्ति हुन पर्ने | नौमूले गा.पा. स्वास्थ्य शाखा |
| ८. | परिवारनियोजन सेवा तथा OPD सेवा | ठाउँको अभावले एकै ठाउँ बाट सेवा दिने र साधनहरुको स्टक लेबल नमिल्नु | छुटै कोठा निर्माण गर्ने र बर्षभरी परिवार नियोजनका साधनहरु प्रयाप्तमात्रामा उपलब्ध हुनुपर्ने | नौमूले गा.पा. स्वास्थ्य शाखा |

## खण्ड १० : सन्दर्भ सामाग्री

- HMIS सूचक पुस्तिका, २०८० , स्वास्थ्य सेवा बिभाग तथा ब्यबस्थापन शाखा
- स्वास्थ्य व्यबस्थापन सुचना प्रणाली – आ.व. २०८२/०८७३ को DHIS2
- Data Verification Tools, स्वास्थ्य सेवा बिभाग
- आ.व. २०८२/०८३ नौमूले गाउँपालिका वडा नं. ५ को लक्षित जनसंख्या
- नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको र सामुदायिक महिला स्वास्थ्य स्वयमसेबिकाहरुको आ.व. २०८२/०८३ को अभिलेख तथा प्रतिवेदन

## खण्ड : ११ नौमूले प्राथमिक स्वास्थ्य केन्द्रको स्वास्थ्य ब्यबस्थापन समितिको विवरण

| क्र.स. | नाम/थर | पद | ठेगाना | फोटो |
|---|---|---|---|---|
| १. | छबिराम सुबेदी | गा.पा अध्यक्ष संरक्षक | नौमूले गा.पा. |  |
| २. | कृष्ण बहादुर सलामी | अध्यक्ष | नौमूले गा.पा. |  |
| ३. | हीरा बुढा | उपाध्यक्ष | नौमूले गा.पा. |  |
| ४. | बिक्रम हमाल | सदस्य | नौमूले गा.पा. |  |
| ५. | रत्ना थापा | सदस्य | नौमूले गा.पा. |  |
| ६. | लक्ष्मी गुरुङ | सदस्य | नौमूले गा.पा. |  |
| ७. | दिपा रेगामी | सदस्य | नौमूले गा.पा. |  |
| ८. | डा. वर्षा खनाल | सदस्य-सचिव | पाल्पा |  |

# नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# नौमूले, दैलेख

कर्णाली प्रदेश नेपाल

## खण्ड : १२ नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.स. | नाम/थर | पद | ठेगाना | स्थायी/ अस्थायी | फोटो |
|---|---|---|---|---|---|
| १. | डा. वर्षा खनाल | मेडिकल अधिकृत | रिब्दिकोट, पाल्पा | स्थायी |  |
| २. | संदेश चन्द | ज.स्वा.नि. | त्रिबेणी, रुकुम पश्चिम | स्थायी |  |
| ३. | सिमरन रेग्मी | सि.अ.न.मि.नि. | ना.न.पा., दैलेख | स्थायी |  |
| ४. | उपेन्द्र वहादुर थापा | व.ल्या.अ.नि. | दुल्लु, दैलेख | स्थायी |  |
| ५. | सम्झना सलामी मगर | सि.अ.न.मि.नि. | नौमूले, दैलेख | स्थायी |  |
| ६. | जमरा घर्ति मगर | सि.अ.न.मि.नि. | नौमूले, दैलेख | स्थायी |  |
| ७. | ममता सलामी मगर | स्टाफ नर्स | नौमूले, दैलेख | स्थायी |  |
| ८. | मंजु बि.क. | सि.अ.हे.व. | ना.न.पा., दैलेख | स्थायी |  |
| ९. | अमृता सिजाली मगर | सि.अ.हे.व. | नौमूले, दैलेख | स्थायी |  |
| १०. | अम्मरे सिजाली मगर | का.स. | नौमूले, दैलेख | अस्थायी |  |
| ११. | तुल्सी रेगामी मगर | का.स. | नौमूले, दैलेख | अस्थायी |  |

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख

कर्णाली प्रदेश नेपाल

## खण्ड : १३ नौमूले प्राथमिक स्वा.के. सामुदायिक महिला स्वास्थ्य स्वयमसेबिकाहरुको विवरण

| क्र.स. | नाम/थर | पद | ठेगाना | फोटो |
|---|---|---|---|---|
| १. | रत्ना थापा | सामुदायिक म.स्वा.स्व.से. | नौमूले-५, दैलेख |  |
| २. | भविसरा मगर्नी | सामुदायिक म.स्वा.स्व.से. | नौमूले-५, दैलेख |  |
| ३. | पवित्रा बुढा | सामुदायिक म.स्वा.स्व.से. | नौमूले-५, दैलेख |  |
| ४. | नन्दादेवी नाम्जाली | सामुदायिक म.स्वा.स्व.से. | नौमूले-५, दैलेख |  |
| ५. | नरिदेबी सलामी मगर | सामुदायिक म.स्वा.स्व.से. | नौमूले-५, दैलेख |  |
| ६. | चन्द्रा राम्जाली मगर | सामुदायिक म.स्वा.स्व.से. | नौमूले-५, दैलेख |  |
| ७. | वली तारामी | सामुदायिक म.स्वा.स्व.से. | नौमूले-५, दैलेख |  |
| ८. | जैसरा थापा | सामुदायिक म.स्वा.स्व.से. | नौमूले-५, दैलेख |  |
| ९. | कर्नी थापा | सामुदायिक म.स्वा.स्व.से. | नौमूले-५, दैलेख |  |

## खण्ड १४ : कार्यालय अन्तर्गतका विभिन्न कार्यक्रमका झलकहरु

### वडा खोप समन्वय समितिको वैठक





### नसर्ने रोगहरुको Screening कार्यक्रम





## FCHV को मानसिक स्वास्थ्य सम्बन्धी तालिम पछिको झलक






## समुदाय स्तरमा मानसिक स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यक्रम






# ५ वर्ष मुनिका बालबालिकाहरुलाई राष्ट्रीय भिटामिन ए तथा जुकाको औषधि खुवाउने कार्यक्रम





# पूर्ण खोप सुनिश्चिता तथा दिगोपनाको लागि वडा घोषणा कार्यक्रम






## महिला स्वास्थ्य स्वयमसेबिकाहरुको मनोसामाजिक तालिम






## पोषण लेखाजोखा कार्यक्रम संचालन गर्दै स्वास्थ्यकर्मीहरु





## जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण कार्यक्रम






## स्वास्थ्य तथा अपाङ्गता परिक्षण सम्बन्धी स्वास्थ्य शिविर नौमूले प्राथमिक स्वास्थ्य केन्द्र



## समुदाय स्तरमा सुनौलो १००० दिनका आमाहरुलाई पोषिलो खाना प्रदर्शनि कार्यक्रम





## जेष्ठ नागरिक, गरिव बिपन्न तथा दिर्गरोगीहरुको स्वास्थ्य परिक्षण कार्यक्रम





## का.स. दाईको बिदाई तथा फेरी भेटौला कार्यक्रम






## संस्थाको न्यूनतम सेवा मापदण्ड तथा स्वः मुल्यांकन कार्यक्रम





## बालबालिकाहरुमा हुने जटिल नसर्ने रोग सम्बन्धी FCHV हरुलाई तालिम संचालन






## कुपोषित बालबालिका पहिचानको लागि FCHV लाई २ दिने तालिम कार्यक्रम





# विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम












# पि.एन.सी. भेटघाट (सुत्केरी घरभेट)









# मा. वि. स्तरीय हाजिरीजवाफ प्रतियोगिता




हामिले पहिलोपटक यस नौमूले प्राथमिक स्वास्थ्य केन्द्रबाट संस्थागत बार्षिक प्रगति प्रतिबेदन पेश गर्ने जमर्को गरेका छौं । आगामी दिनमा अझै सुधारात्मक पक्षहरुलाई बिशेष जोड दिदै अगाडी बढ्नेछौं | त्यसकारण हजुरहरुको सकरात्मक सल्लाह, सुझावको अपेक्षा राख्दै सबैमा हार्दिक धन्यबाद व्यक्त गर्दछौं I

**नौमूले प्राथमिक स्वास्थ्य केन्द्र परिवार**

फोन नं.: ९७४६६२१४२२८, ९७६६२१४२२९, ९७६६२१४२३०

**Gmail : naumulephc@gmail.com**